स्थायी शान्ति र लोकतन्त्रका लागि सत्तागठबन्धनलाई... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ •अंक १४७ • २०७९ साल कार्तिक २ गते बुधबार (19 October, Wednesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


## 'विधानको रक्षा र समृद्धिका लागि गठबन्धनमा मतदान'

**टुडे समाचारदाता**

काठमाण्डु । पाँच दलीय सत्ता गठबन्धन दलहरूले लोकतन्त्र, संविधान र विधिको शासनमार्फत सुशासन र समृद्धिको राष्ट्रिय अभिलाषा परिपूर्ति गर्न गठबन्धनको आवश्यकतालाई मनन गर्न र आगामी निर्वाचनमा यो गठबन्धनलाई अत्यधिक बहुमतका साथ विजयी गराउन अपील गरेका छन् ।

गठबन्धनका तर्फबाट प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मंगलवार सो संयुक्त अपिल जारी गरेका छन् ।

अपिलमा आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा नेपालको संविधानले परिकल्पना गरेअनुरूप राष्ट्रियता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, समाजवाद, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्न वर्तमान चुनावी गठबन्धन दलहरू प्रतिबद्ध रहेको उल्लेख छ ।

'वि.सं २०७८ असारमा निर्माण भएको पाँच दलीय गठबन्धनको उद्देश्य मुलुकको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको भावना र मर्म विपरीत दुई-दुई पटक गरिएको प्रतिनिधिसभाको असंवैधानिक विघटनलगायत तत्कालीन सरकार प्रमुखको अनेकौं स्वेच्छाचारी कदमलाई परास्त गर्नु र संविधानको रक्षा गर्नु रहेको कुरा जगजाहेर छ', अपिलमा उल्लेख छ ।

छोटो अवधिमा सरकारले लोकतन्त्रलाई संस्थागत गर्न संवैधानिक अधिकारको पूर्ण प्रत्याभूति गर्दै भयरहित वातावरणमा निष्पक्षरूपमा सफलताका साथ स्थानीय निर्वाचन सम्पन्न गरेको र अहिले गठबन्धनको यो सरकार आउँदो आम निर्वाचनलाई पनि भयरहित र निष्पक्षरूपमा सम्पन्न गर्न कटिबद्ध रहेको जनाइएको छ ।

गठबन्धन दलहरूले अधिनायकवादी आक्रमणको खतरा जीवितै रहेको परिस्थितिमा संविधानमाथिको प्रतिगमनको खतरा रहेसम्म गठबन्धनको औचित्य कायमै रहने स्पष्ट पारेका छन् ।

देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन र जनताको घरदैलोमै प्रभावकारी सेवाको सुनिश्चितता गर्दै उत्पादन वृद्धि र मुलुकभित्रै रोजगारीका पर्याप्त अवसरको सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणको राष्ट्रिय कार्यभारलाई गठबन्धन दलले उच्च प्राथमिकता दिने उल्लेख गरेका छन् ।

# लोसपा गठबन्धनमाथि निर्भर, जसपालाई एमालेको सहारा

**संजीवकुमार झा**

जनकपुरधाम । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचनमा मधेशका दुई दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा) एक्लै परिणामुखी अवस्थामा रहेको छैनन् । दुबै दलले विभिन्न दल संग गठबन्धन बनाएर यस पटकको निर्वाचनमा भाग लिएका छन् ।

हुनत निर्वाचन आयोगले कार्त्तिक १७ पछि नै चुनावी प्रचार प्रसारको निर्देशन गरे पनि क्षेत्रमा कार्यकर्ता भेटघाटमा रहेका उम्मेदवारहरु मध्ये लोसपाका उम्मेदवारहरु गठबन्धनमाथि निर्भर देखिएका छन् भने जसपाका उम्मेदवारहरु एमालेको सहारामा क्षेत्रमा घुमघाम गरिरहेका छन् । मधेश प्रदेशका ती क्षेत्रहरु जहाँवाट मधेशवादी दलका हैवी वेटका नेताहरु चुनावमा उम्मेदवारी दिएका छन् त्यो क्षेत्रहरु खासमा चर्चाको विषय बनेको छ ।

सप्तरीका निर्वाचन क्षेत्र नम्वर १ र २, सिरहाका ४, धनुषाका ३, महोत्तरीका २,३ र ४, सर्लाहीका २ र पर्साका निर्वाचन क्षेत्र नम्वर १ मा मधेशवादी दलका हैवी वेट नेताहरु चुनावी मैदानमा छन् । सप्तरीको निर्वाचन क्षेत्र नम्वर १ मा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह यस पटक प्रतिनिधिसभा निर्वाचनमा उठेका छन् भने सप्तरी २ बाट जसपाका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार छन् । त्यस्तै सिरहा ४ बाट गत प्रतिनिधिसभाको निर्वाचनमा सिरहा २ बाट विजयी भएका जसपा नेता राजकिशोर यादव उम्मेदवार छन् भने धनुषा ३ बाट लोसपा नेता अनिल झा चुनावी मैदानमा छन् ।

महोत्तरीका ३ बटा निर्वाचन क्षेत्रवाट ३ मधेशी नेता उम्मेदवार बनेका छन् । २ मा लोसपा नेता शरत सिंह भण्डारी, ३ बाट लोसपा अध्यक्ष महन्थ ठाकुर र ४ बाट जसपा नेता सुरेन्द्र यादव चुनावी मैदानमा छन् ।

त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्वर २ मा पाँच दलीय गठबन्धनका दुई हैवी वेट नेता एक अर्का संग प्रतिस्पर्धा गर्दै छन् ।

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो र जसपाबाट नेपाल समाजवादी पार्टी (नेसपा) गएका महेन्द्र यादव चुनावी मैदानमा छन् । पर्सा निर्वाचन क्षेत्र नम्वर १ मा पाँच दलीय गठबन्धनबाट लक्ष्मणलाल कर्ण र जसपाका नेता प्रदीप यादव चुनावी मैदानमा छन् । त्यहाँ पाँच दलीय गठबन्धनका एक घटक नेपाली कांग्रेसका प्रभावशाली नेता अजय द्विवेदी बागी उम्मेदवार बनेका छन् ।

तर, अध्यक्ष देखि लिएर नेताहरु सम्म गठबन्धनकै सहारा लिएका छन् । सप्तरीमा उपेन्द्र यादवलाई यस पटकको जित सहज हुने छाँटकाँट नदेखिए पनि एमालेको मतदातामाथि उनी निर्भर देखिएका छन् ।

> *हुनत निर्वाचन आयोगले कार्त्तिक १७ पछि नै चुनावी प्रचार प्रसारको निर्देशन गरे पनि क्षेत्रमा कार्यकर्ता भेटघाटमा रहेका उम्मेदवारहरु मध्ये लोसपाका उम्मेदवारहरु गठबन्धनमाथि निर्भर देखिएका छन् भने जसपाका उम्मेदवारहरु एमालेको सहारामा क्षेत्रमा घुमघाम गरिरहेका छन् । मधेश प्रदेशका ती क्षेत्रहरु जहाँवाट मधेशवादी दलका हैवी वेटका नेताहरु चुनावमा उम्मेदवारी दिएका छन् त्यो क्षेत्रहरु खासमा चर्चाको विषय बनेको छ ।*

त्यस्तै नवलकिशोर साहको अवस्था पनि एमालेकै मतदातामा निर्भर भएको छ । हुनत यो क्षेत्रमा जसपाको राम्रो संगठन रहेको मानिएको छ तर, पाँच दलीय गठबन्धनका मतदाताहरुले इमान्दारी पूर्वक मतदान गऱ्यो भने यी दुबै उम्मेदवारको विजयी हुने वाटो बन्द हुने देखिन्छ ।

त्यस्तै सिरहा निर्वाचन क्षेत्र नमवर ४ मा जसपा नेता राजकिशोर साहको अवस्था पनि एमालेकै मतदातामा निर्भर रहेको देखिएको छ। उनी गत प्रतिनिधिसभाको निर्वाचनमा सिरहा निर्वाचन क्षेत्र नम्वर २ बाट विजयी भएका थिए तर, यस पटक सिरहा २ बाट उपेन्द्र महतोका भाइ वीरेन्द्र महतोलाई उम्मेदवार बनाएका कारण उनलाई सिरहाको ४ मा पठाइएको छ । उनी संग जसपाकै नेता कार्यकर्ताहरु असन्तुष्ट छन् । सिरहा ४ बाट उनका भाइले स्वतन्त्र उम्मेदवारी दिएका छन् । तर, त्यसको प्रभाव सिरहा ४ मा नपर्ने जानकारहरु बताउँछन् तर उनलाई एमाले मतदाताहरुले मतदान गरेन भने उनको जित पनि कठिन हुने देखिएको उनीहरु बताउँछन् ।

धनुषामा मधेशवादी दलका एक हैवी वेट नेताले उम्मेदवारी दिएका छन् । धनुषा निर्वाचन क्षेत्र नम्वर ३ बाट पाँच दलीय गठबन्धनले लोसपाका नेता अनिल झालाई उम्मेदवार बनाएका छन् । यस क्षेत्रबाट गत प्रतिनिधिसभाको निर्वाचनमा लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले नेपाली कांग्रेसका तत्कालीन उप-सभापति विमलेन्द्र निधिलाई पराजित गरेका थिए ।

तर, यस पटक नेकपा एमालेले नेतृ जुली महतोलाई उम्मेदवार बनाएपछि राजेन्द्रले यो क्षेत्र छाडेर सर्लाही फर्केका छन् । लोसपा नेता नेपाली कांग्रेसको मतदातामाथि निर्भर छन् । यो क्षेत्रमा पाँच दलीय गठबन्धनमा आवद्ध माओवादी केन्द्र, नेकपा एसको त्यति राम्रो संगठन मानिदैन् तर यो क्षेत्रमा कांग्रेस र नेकपा एमालेको बाहुल्यता मानिन्छ ।

यो क्षेत्रबाट राजेन्द्र जितेपनि नेकपा एमालेले पूर्ण रुपमा समर्थन गरेपछि उनी जितेको राजनीतिक विश्लेषकहरु बताउँछन् । सोमबार जनकपुरधाम पुगेका नेपाली कांग्रेसका प्रभावशाली नेता विमलेन्द्र निधिलाई अनिल झाले स्वागत गर्न विमान स्थल नै पुगेका थिए । जानकारहरुका अनुसार झाले उम्मेदवारी दर्ता गराउनु पूर्व नै निधि संग छलफल गरेर नै उम्मेदवारी दिएका छन् ।

कुटनीतिज्ञहरुका अनुसार गठबन्धनका प्रभावशाली नेतालाई स्वागत गर्नु लोसपा नेताको दायित्व थियो । निधिले इमान्दारी पूर्वक झालाई सहयोग गरे उनी जित्न सक्ने सम्भावना रहेको तर, जनकपुरधामको बजार क्षेत्रको मुडले उनको जित हार निश्चित गर्ने उनीहरु बताउँछन् ।

किनभने यस क्षेत्रमा नेकपा नेतृ महतो अहिले सम्म बलियो अवस्थामा देखिएकी छन् । महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ मा कांग्रेसले उम्मेदवार दिएका छैनन्, तीनमा जसपाका नेता हरिनारायण यादव एमालेको मतदातामा निर्भर छ, लोसपाका नेता महन्थ ठाकुर कांग्रेसी मतदातामाथि निर्भर रहेको देखिएको छ तर, यहाँ माओवादी केन्द्रका बागी उम्मेदवार पनि रहेका छन् । माओवादीका बागी उम्मेदवार रामअधार कापडको उम्मेदवारी ठाकुरलाई नोक्सान गर्ने देखिएको छ ।

त्यस्तै सर्लाही निर्वाचन क्षेत्र नम्वर २ मा पनि रोचक निर्वाचन हुने देखिन्छ । यस क्षेत्रमा गठबन्धन आवद्ध दुई दल लोसपा र माओवादी केन्द्रका चुनाव चिन्ह लिएर चुनावी मैदानमा ओर्लेका महेन्द्र यादव बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । महतो पनि कांग्रेसको मतदातामा निर्भर रहेका छन् ।

त्यस्तै पर्सा निर्वाचन क्षेत्र नम्वर १ बाट पाँच दलीय गठबन्धनका उम्मेदवार लक्ष्मणलाल कर्ण, जसपा-लोसपाका नेता प्रदीप यादव र कांग्रेसका बागी उम्मेदवार अजय द्विवेदी मैदानमा छन् तर यहाँ अजयले कर्णलाई नोक्सान गर्ने देखिन्छ ।










**घाममा सुकाइएको माटोबाट निर्मित सामग्री** : घाममा सुकाइएको माटोबाट निर्मित दियो, धैंटोलगायत सामग्री । *तस्विर :रासस*

# सञ्चारकर्मी झाद्वारा मैथिली भाषामा अनुवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । सञ्चारकर्मी सुजीतकुमार झाले ५ वटा पुस्तकको मैथिली भाषामा अनुवाद गरेका छन् ।

विद्यालय जानबाट बञ्चित तथा बीचैमा विद्यालय छाडेका किशोरीहरुलाई पढाउन स्ट्रिट चाइल्ड अफ नेपालको सहयोगमा जानकी महिला जागरण समाज जनकपुरधामले 'जीवन उपयोगी शिक्षा सहजीकरण पुस्तिका' भनेर ५ वटा पुस्तक प्रकाशित गरेका हुन ।




नेपाली भाषावाट मैथिलीमा अनुवाद गरिएको पुस्तक केहीदिनमै धनुषा र महोत्तरी जिल्लाका किशोरीहरुलाई पढाइनेछ । सञ्चारकर्मी झाको यो सहित १५ वटा पुस्तक प्रकाशित गरिएको छ । अनुवादमा ६ वटाका साथै अन्य ९ वटा साहित्यका पुस्तक रहेको छ ।

वालकथा संग्रह 'कोइली घूरि आउ', 'तितलीसंग दोस लगाएब', कथा संग्रह 'चिड़ै', 'जिद्दी', 'बुलबुल', 'खजुरीबाली', 'गन्ध', रिपोताजहरुको संग्रह 'रिपोटर डायरी'का साथै अनुसन्धानमूलक पुस्तक 'पुनि पुनि होत विवाह' रहेको छ । नेपालीबाट यसअघि 'बान्हल हाथसभ' पनि मैथिलीमा अनुवाद गरिएको थियो ।

# रक्तदान कार्यक्रम




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम स्थित करिब ४४ जनाले रक्तदान गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका-९ स्थित वैदेही हस्पिटल प्रा.लि.को दोस्रो वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गरिएको थियो । विद्यार्थी, बिरामीका कुरुवा, हस्पिटलका कर्मचारी, चिकित्सकहरुले रक्तदान गरेका थिए ।

# प्रधानाध्यापक तिवारीलाई आयोगको स्पष्टीकरण

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि जारी आचारसंहिता उलङ्घन गरेको विषयमा निर्वाचन आयोगले पर्वतको बाल प्राथमिक विद्यालयका प्रधानाध्यापक छविलाल तिवारीलाई स्पष्टीकण सोधेको छ ।

निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दल तथा उम्मेदवारको पक्ष-विपक्षमा प्रचारप्रसार गरेको भन्दै जिल्ला निर्वाचन कार्यालयले २४ घण्टे स्पष्टीकरण मागेको हो ।रासस

# 'मधेशको विकास नेपाली कांग्रेसले मात्र गर्दछ'

**सिकेन्द्र पासवान**

कलैया । खानेपानी मन्त्री एवम् नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले तराई मधेशको विकास नेपाली कांग्रेस पार्टीले मात्र गर्ने बताएका छन ।

बारा निर्वाचन क्षेत्र नम्बर १ को प्रचारप्रसार समितिको कार्यालयलाई कोल्हीमा उद्घाटन गर्दै मन्त्री चौधरीले तराई मधेशमा जन्मेका पार्टी खास गरी उपेन्द्र यादवले जहिले पनि सत्ता र शक्तिको राजनीतिलाई मूल मन्त्र बनाइ मधेशी जनताहरुलाई धोका दिने काम गर्दै आएको आरोप लगाए ।

यतिका दिनदेखि राजनीतिक पार्टीका लागि चुनाव लड्दै आएको भए पनि सबै चुनावमा पार्टी फेर्ने र चुनाव चिन्ह अर्कोबाट चुनाव लड्ने प्रवृत्ति प्रति सजग हुन आग्रह गरे ।

तराई मधेशमा मात्र करिब सवा सात लाख नागरिक नागरिकताबाट बंचित भएको अवस्थामा अहिलेको अर्थात नेपाली कांग्रेसको सरकारले सदनबाट नागरिकता विधेयक पास गरेर राष्ट्रपतिमा पास गर्नका लागि पठाए पनि राष्ट्रपतिले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको इसारामा सो विधेयक फिर्ता पठाउँदा समेत पनि आफूलाई मधेशको मसिहा भन्ने उपेन्द्र यादव कसरी रातारात केपी ओलीसंग तालमेल गरे मन्त्री चौधरीको प्रशन गरे । फरक प्रसंगमा मन्त्री चौधरीले नेकपा एमाले मधेशी विरोधी पार्टी भएको आरोप लगाए ।




संघीय लोकतान्त्रिक गणतन्त्रलाई सखाप पारी मुलुकमा एकतान्त्रिक शासन व्यवस्था लाध्न खोजेको ओलीलाई मधेशबाट नै सबक सिकाउनुपर्ने मन्त्री चौधरीले भने सुखी नेपाली, समृद्ध नेपालको झुठो नेपाली जनतामा नारा बाँडेर देशलाई तहस नहस पारेको दोषारोपन गर्दै मानव अधिकारको हनन्, अभिव्यक्ति स्वतन्त्रामा कुण्ठित एवम् प्रेस स्वतन्त्रतामासमेत अंकुश लगाउने ओली सरकारलाई नेपाली जनताले चिनिसकेको बताउँदै उनको भ्रमको खेतीमा अव उपरान्त कोही नपर्ने मन्त्री चौधरीको तर्क रहेको थियो ।

नेपाली कांग्रेस पार्टी लोकतन्त्रको रक्षा, प्रेस स्वतन्त्रताको वकालत, संविधान कार्यान्वयन गर्न एवम् संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने पार्टी भएको हुँदा आम नेपालीहरुको चाहना अव नेपाली कांग्रेस नै भएको हुँदा रुख चिन्हमा मतदान गर्न सबैलाई आग्रह समेत गरेका थिए ।

मन्त्री चौधरीले क्षेत्र नम्बर १ मा शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाई विद्युत्, कृषि, बाटोघाटो निर्माणमा आमूल परिवर्तन ल्याएको बताउदै जनताको हरेक दुखसुखमा साथ दिदै आएको बताउँदै यो क्षेत्रको अझै वृहत्तर विकासका लागि कुनैपनि कसर बाँकी नराख्ने प्रतिवद्धता जाहेर गर्दै सबैको मान सम्मान हुनेगरी काम गर्ने बताए ।

नेपाली कांग्रेस निर्वाचन क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति विजयशंकर यादवको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेशका सदस्य उपेन्द्र जयसवाल, निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा 'क' का उम्मेदवार रमेश प्रसाद दंगाल, 'ख' का नागेन्द्र प्रसाद साह, निजगढ नगरपालिकाका निवर्तमान मेयर सुरेश खनाल, प्रदेशसभाका समानुपातिक उम्मेदवारहरु रविन्द्र पनुहर, माला लामा, मन्जु चौधरी, शोभी मण्डल, लगायतकाले नेपाली कांग्रेसलाई जिताउनुको विकल्प नरहेको जोड दिदै सहमति, सहकार्य र एकता वद्ध भइ अगाडि बढनुपर्ने धारणा व्यक्त गरेका थिए ।

# ह्वावे नेपालको 'सिड्स फर द फ्युचर' कार्यक्रम सम्पन्न

काठमाण्डु । ह्वावे नेपालले यस वर्षको 'सिड्स फर द फ्युचर' सूचना प्रविधि सम्बन्धित विषयका स्नातक तहका विद्यार्थीका लागि गरेको ' ग्लोबल फ्ल्यागसिप सिएसआर' कार्यक्रम आज एक समारोहका बीच समापन गरिएको छ ।

कार्यक्रम पहिलो पटक थाइल्याण्डमा २००८ मा सुरु भएको थियो । त्यसयता कार्यक्रममा एक सय ३० भन्दाबढी देश र क्षेत्रका १२ हजार बढी विद्यार्थीले कार्यक्रममा भाग लिएका छन् । यस वर्ष नेपालभरबाट दुई सय ५६ आवेदन प्राप्त भएको कम्पनीले जनाएको छ । त्यसपछि प्रा डा शशिधर राम जोशी, प्रा तिमिला यमी थापा, प्रा डा सुवर्ण शाक्य र प्रा डा मनिष पोखरेल सम्मिलित समितिले विभिन्न आधारमा सात जना विद्यार्थी छनोट गरेको थियो ।

त्यसमा निर्माण खड्का (काठमाडौं विश्वविद्यालय), वंशज पौडेल (मदन भण्डारी मेमोरियल कलेज), जतिन भुसाल (ख्वपा इञ्जिनियरिङ कलेज), रिया वैद्य (पुल्चोक क्याम्पस), नदीका पौडेल (पुल्चोक क्याम्पस), प्रज्ञा मल्लिक (काठमाडौं विश्वविद्यालय), अजु तामाङ (अमृत साइन्स क्याम्पस) छनोट हुनुभएको थियो । छनोट भएदेखि विद्यार्थीले विभिन्न संलग्नतामार्फत नेपालको सूचना प्रविधि उद्योगमा इन्साइट प्राप्त गरेका थिए । विद्यार्थीले गत अगस्ट १९ देखि अगस्ट २७ सम्म बैङ्ककमा आयोजित पहिलो क्षेत्रीय एन्साइट कार्यक्रममा भाग लिनुका साथै नयाँ प्रविधिका बारेमा सिकेका थिए ।

समापन कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिलकुमार दत्तले संस्थाले युवामा लगानी गरेर भविष्यमा लगानी गरिरहेको बताउँदै विद्यार्थीले नेपालमा आफ्नो करियर अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो । छनोट समितिका सदस्य प्रा डा शशिधर राम जोशीले सूचना प्रविधिसम्बन्धी ज्ञानले विद्यार्थीलाई आफ्ना विचार प्रस्ट्याउन मद्दत पुग्ने र उनीहरू भविष्यका उद्यमी बन्नसक्ने आशा व्यक्त गर्नुभयो । रासस

# एमाले नेतृ कांग्रेसमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा नेकपा एमालेकी नेतृ नेपाली कांग्रेसमा प्रवेश गरेकी छन् । एमालेबाट समानुपातिकको बन्द सूचीमा सिफारिस भएकी फुल कुमारी महतो मंगलबार कांग्रेसमा प्रवेश गरेकी छन् ।

उनलाई पार्टीमा कांग्रेसका सहमहामन्त्री तथा निर्वाचन क्षेत्र ४ का उम्मेदवार महेन्द्र यादवले स्वागत गरेका थिए । नेतृ महतोको नाम प्रदेशसभा सदस्यका लागि मधेशीतर्फ बन्दसूचीको ९ नम्बरमा एमालेले नाम राखेको थियो । उनी एमाले निकट अखिल महिला संघको सचिवालय सदस्यसमेत थिइन् ।

नेतृ महतोले पार्टीप्रति असन्तुष्टि व्यक्त गरेकी छन् । नागरिकता विधेयक



प्रमाणीकरणमा एमालेले असहयोग गरेको उनको आरोप छ । नागरिकता विहीन मधेशीको विषयमा एमाले सकारात्मक नभएको भन्दै उनले पार्टी त्याग गरेको प्रतिक्रिया दिइन् ।

पछिल्लो समय कांग्रेसले यही क्षेत्रमा एमाले नेता डा.संजीव यादवलाई पार्टीमा प्रवेश गराएका थिए । त्यसअघि जसपा नेता शेष नारायण यादवलाई कांग्रेसमा प्रवेश गराएर प्रदेशसभाको उम्मेदवार पनि बनाएका छन् ।

# वडा सदस्यमाथि निर्घात कुटपिट

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिका १५ देउरी भरुवाका एकजना वडा सदस्यमाथि प्रहरीकै रोहवरमा निर्घात कुटपिट भएको आरोप लागेको छ । राजविराज १५ की वडा सदस्य लक्ष्मी यादवमाथि प्रहरीकै उपस्थितिमा सोही ठाउँका पिन्टु यादवले निर्घात कुटपिट गरेका छन् । राजनितिक रिसिभिका कारणले गत असोज महिनामा जिल्ला प्रहरी कार्यालय सप्तरीका घुमुवा टोलिले चोकमा रहेको पसलबाट आफुलाई पक्राउ गरि ल्याउने क्रममा बिच बाटोमा स्थानीय पिन्टु यादवले प्रहरीकै सामुन्ने निर्घात कुटपिट गरेको वडा सदस्य यादवले आरोप लगाए ।

सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले आफुलाई जिल्ला प्रहरी कार्यालय जानु पर्छ भनी राति साढे ११ बजेमा ल्याउने क्रममा बिच बाटोमा निर्घात कुटपिट गरेको आरोप लगाए ।


कुटपिटबाट गम्भीर घाइते यादवको तत्काल राजविराज स्थित गजेन्द्रनारायण सिह अस्पतालमा हतकडि लगाएर उपचार भइरहेको पीडितका परिवारजनले बताएका छन् । कुटपिटबाट वडा सदस्य यादवको छातिमा गम्भीर चोट लागेको तथा त्यहा उपचार सम्भव नभए पछि थप उपचारको लागि विराटनगर लगिनु पर्ने चिकित्सकहरुले बताएको पीडितका आफन्तले बताएका छन ।

यता सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी नरेश सिंहले कुटपिट गरेको बिषयमा आफुलाई कुनै जानकारी नभएको बताउँदै उनले सो बिषयमा के भएको छ भनी आफु बुझ्ने जवाफ दिए ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथुन | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



यादव घरदैलामा व्यस्त : महोत्तरी क्षेत्र नम्बर ३ मा जसपाका उम्मेदवार हरिनारायाण यादव घरदैलोमा व्यस्त देखिएका छन् । *तस्विर : टुडे*

# प्रतिगमनको खतरा कायम रहँदासम्म गठबन्धनलाई पूर्णरूपमा अगाडि बढाउनुपर्नेछ : अध्यक्ष दाहाल

काठमाण्डु। नेकपा(माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा संविधान, लोकतन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका खातिर गठन भएको वाम लोकतान्त्रिक गठबन्धनलाई विजयी गराउनुपर्ने बताउनुभएको छ।

वाम लोकतान्त्रिक गठबन्धनले मंगलबार ललितपुरमा आयोजनागरेकोनिर्वाचनपरिचालन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले प्रतिगमनको खतरा कायम रहँदासम्म गठबन्धनलाई पूर्णरूपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेकाले आगामी निर्वाचनलाई सामान्यरूपमा लिन नहुने बताउनुभयो।

निर्वाचनमा प्रष्टरूपमा दुई वटा गठबन्धन रहेको उल्लेख गर्दै उहाँले ती गठबन्धनको मुख्य कुरा के हो भन्ने जनतालाई बुझाउनुपर्ने स्पष्ट पार्नुभयो। उहाँले विस्तृत शान्ति सम्झौता, संविधानसभाबाट संविधान हुँदै अगाडि बढेको नेपालको राजनीतिक परिवर्तनको प्रक्रियालाई अगाडि बढाउन पनि गठबन्धन अत्यावश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो सामान्य खालको चुनाव होइन, यो एउटा पार्टीले जित्ने र हार्ने भन्ने मात्रै छैन। यहाँ परिवर्तन र जनताले जित्ने कि प्रतिगमन र जनविरोधीले जित्ने भन्ने कुरा हो।"

अध्यक्ष दाहालले वाम लोकतान्त्रिक गठबन्धन परिवर्तनको पक्षमा तथा संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि खडा भएको र अर्को गठबन्धन जनविरोधी र प्रतिगमनका पक्षधर रहेको आरोप लगाउनुभयो।

उहाँले विपक्षी गठबन्धनले तालमेल भने पनि खासमा त्यो गठबन्धन नै रहेको भन्दै त्यहाँ रहेका अनुहार र प्रवृत्ति कस्ता छन् भन्ने कुरा पनि स्पष्ट रहेको बताउनुभयो। उहाँले भन्नुभयो "अर्को गठबन्धन र हाम्रो गठबन्धन कस्तो छ भन्ने कुरा प्रष्ट छ। संविधानको रक्षा, लोकतान्त्रिक गणतन्त्रको रक्षा, समावेशी समानुपातिक मान्यतासहित सङ्घीयताको रक्षा गर्ने प्रष्ट उद्देश्य छ। हामीले गठबन्धन बनाउँदै गर्दा प्रष्ट नै गरेका थियौ। त्यसमा हामी प्रतिवद्ध छौ।"

संविधान, लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियताको रक्षा गर्ने पुनित उद्देश्यका साथ गठबन्धन बनाइएको उहाँको भनाइ छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान, समावेशी र समानुपातिक मान्यतासहित स्थापना भएको लोकतन्त्रको सम्वर्द्धनका लागि पनि आफुहरुको गठबन्धनले जित हासिल गर्नुपर्ने अध्यक्ष दाहालको भनाइ छ।

उहाँले सत्तारुढ गठबन्धनमा रहेका दलका नेता तथा कार्यकर्ताले कुनै दुविधा नराखी एक अर्काको निर्वाचन चिन्हमा मतदान गर्न आग्रह गर्नुभयो। "नेपाली कांग्रेस र कम्युनिस्ट नमिलेको भए पञ्चायती निरंकुशता ढल्ने थिएन। हामीले देखे भोगेको र सहभागी भएकै हो", उहाँले भन्नुभयो "कांग्रेस र कम्युनिस्ट मिलेर नै विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि औपचारिक प्रक्रिया सुरु भएको हो। रासस

## निर्वाचनका लागि तरुणदलले खटायो केन्द्रीय प्रतिनिधि

काठमाण्डु। नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलले मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनको तयारीका लागि सबै निर्वाचन क्षेत्रमा केन्द्रीय प्रतिनिधि खटाएको छ।

तरुण दलले कांग्रेसलगायत गठबन्धन दलका उम्मेदवारलाई विजयी गराउनका लागि सबै सङ्घीय निर्वाचन क्षेत्रमा तरुणहरूलाई परिचालन गर्न तथा क्रियाशील बनाउने निर्णयानुसार केन्द्रीय प्रतिनिधि खटाएको अध्यक्ष विद्वान गुरुङले जानकारी दिनुभयो।

साथै सम्पूर्ण केन्द्रीय प्रतिनिधिहरूलाई आफूलाई खटाइएको निर्वाचन क्षेत्रमा तत्काल गई तोकिएको कार्य सुरु गर्न र निर्वाचन सम्पन्नपछि कार्यविवरण प्रतिवेदन केन्द्रीय कार्यालयमा बुझाउन निर्देशन गरिएको छ।रासस

## मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति लोकतन्त्रको चुनौती : प्रमुख आयुक्त

काठमाण्डु। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आसन्न निर्वाचनमा सामाजिक सञ्जालमार्फत हुने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमन गर्ने कार्य जटिल भएकाले यसमा आयोग एक्लैको प्रयास सार्थक नहुने बताउनुभएको छ।

फेसबुकको मातृसंस्था मेटाद्वारा मंगलबार आयोजित राष्ट्रिय निर्वाचन स्वच्छतासम्बन्धी सम्मेलनमा उहाँले निर्वाचनका समयमा हुने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमनका लागि निर्वाचन आचारसंहितामा राखिएका प्रावधान, विभिन्न लोकतान्त्रिक देशहरूका असल अभ्यास र अध्ययन अनुसन्धानमा आधारित भएको बताउँदै निर्वाचनको समग्र निष्ठालाई प्रवर्द्धन गर्न आयोगले कुनै कसर बाँकी नराख्ने स्पष्ट गर्नुभयो। सामाजिक सञ्जालको व्यापक विस्तारले नेपालीको सूचनाको प्रयोग, उपभोगसम्बन्धी बानीमा व्यापक परिवर्तन आएको छ। जसले गर्दा सचेत सामाजिक सञ्जालका प्रयोगकर्ताबाहेक जो कोही पनि मिथ्या सूचना र दुष्प्रचारको शिकार हुने सम्भावना छ। प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "लोकतन्त्र, निर्वाचन र मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति सँगसँगै जान सक्दैनन्।

मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति लोकतन्त्रको ठूलो चुनौती र अभिव्यक्ति स्वतन्त्रताको शत्रु हो भन्दै उहाँले यो अवस्थामा मिथ्या सूचना र दुष्प्रचारको प्रयोगले आम मतदाता भ्रमित भई सुसूचित निर्णय लिन नसक्ने र सही प्रतिनिधित्व हुन नसक्ने परिस्थिति पनि हुन सक्ने बताउनुभयो।रासस

# प्रत्यक्षतर्फ दुई प्रदेशको मतपत्र छपाइ सकियो



काठमाण्डु। मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि मतपत्र छपाइ सम्पन्न भएको छ। यी दुई प्रदेशमा रहेका निर्वाचन क्षेत्रसहित हालसम्म यस प्रणालीतर्फ प्रतिनिधिसभाको ३८ र प्रदेश सभाको ८० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ।

यस पटक पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र दर्ता भइ अन्तिम नामावलीमा कायम उम्मेदवारको निर्वाचन चिन्ह मात्र समावेश गरी मतपत्र छपाइ गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो।

आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा दैनिक करिब २५ लाख मतपत्र छपाइ गरिरहेको छ। हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत कुल ८९ लाख ९९ हजार मतपत्र छपाइ भइसकेको छ। सोमध्ये प्रदेश सभातर्फ ४७ लाख १५ हजार र प्रतिनिधिसभातर्फ ४३ लाख ४८ हजार रहेको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र यसअघि नै छपाइ भइ वितरण सुरु भइसकेको छ। हालसम्म बागमती, मधेश र प्रदेश-१ का सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी भइसकेको छ। बाँकी प्रदेशमा यही कात्तिक ३ गतेदेखि मतपत्र ढुवानी सुरु हुने छ।रासस

# मुलुकलाई स्थिरतातर्फ लैजान गठबन्धन : अध्यक्ष नेपाल

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गणतन्त्रको स्थायीत्व र संविधान जोगाउन वर्तमान गठबन्धन बनेको प्रष्ट पार्नुभएको छ।

ललितपुरमा आज आयोजित वाम-लोकतान्त्रिक गठबन्धनका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले दुईदुई पटक संसद् विघटन गरेर संविधान कुल्चनेका विरुद्ध गठबन्धन बनेको बताउनुभयो। "दुईदुई पटक संसद् विघटन गरेर संविधान कुल्चने काम भयो, मुलुकलाई अस्थिरतातर्फ लैजाने कोशिस भयो", उहाँले भन्नुभयो, "त्यसको विपक्षमा हामी उभियौं, संविधान र लोकतन्त्र पनि जोगायौं।

संविधानको आफूखुसी व्याख्या गर्दै मुलुकलाई तानाशाही व्यवस्थामा लैजाने प्रवृत्तिलाई आफूले असफल पारेको उहाँको भनाइ थियो। "गणतन्त्र मास्ने अभियान सुरु हुन खोज्दै थियो", पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, "हामीले देशलाई अस्थिरताबाट जोगाएर स्थिरतातर्फ लिएर गयौं।

जनताको बलमा प्राप्त उपलब्धिलाई जोगाउँदै मुलुकलाई स्थिरतातर्फ लैजाने पवित्र उद्देश्यका साथ वाम र लोकतान्त्रिक पार्टीबीचको गठबन्धन बनाइएको उहाँको भनाइ थियो।

"वाम र लोकतान्त्रिक शक्ति एकताबद्ध भएको लामो परम्परा छ", अध्यक्ष नेपालले भन्नुभयो, "विगतमा वाम र लोकतान्त्रिक शक्ति मिलेर राणा शासन, पञ्चायत र राजसंस्थाको अन्त्य गरियो।रासस

# तापक्रम घट्दै चिसो बढ्दै

काठमाण्डु। मनसुन बाहिरि एसँगै पश्चिमी वायुको प्रभाव सक्रिय रहेकाले बदली र वर्षाको सम्भावना रहेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा मौसमविद् हीरा भट्टराईका अनुसार पछिल्ला दिनमा तापक्रम घट्दै गएको छ। पश्चिमी वायु सक्रिय रहेकाले चिसो पनि बढेको छ। मनसुन सकिएपछि पश्चिमी वायुको प्रवेश हुने भएकाले दुई दिन बदली र वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "मनसुन बाहिरिएसँगै पश्चिमी वायुहरू सक्रिय हुन्छन् आज र भोलि धेरै नै सक्रिय छन् जसले गर्दा सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा बदली गराएर पहाडी भू-भागमा हल्का वर्षा गराउने सम्भावना रहेको छ।"

पश्चिमी वायुसँगै चिसो पनि आउने भएकाले अबका दिनमा क्रमशः चिसो बढ्दै जाने मौसमविद् भट्टराईको भनाइ छ। यस वर्षको मनसुन गत शनिबारबाट नेपालको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र मधेस प्रदेशको पश्चिमी भू-भागबाट बाहिरिएको थियो। बाँकी प्रदेश नं १ को मनसुन पनि आइतबार बाहिरिएको छ। अहिले नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिसकेको महाशाखाले जनाएको छ। गत जेठ २२ गते नेपालको पूर्वी भू-भाग भएर नेपालमा मनसुन प्रवेश गरेको थियो।

नेपालमा मनसुन बाहिरिएपछि पछिल्ला दिनमा देशैभरको मौसम सफा रहेको छ। मौसम खुलेपछि राजधानी काठमाडौँबाट उत्तरी भेगमा देखिन हिमशृङ्खला र हरिय डाँडाको मनमोहक दृश्यले शरद ऋतुमा रौनक थपिएको छ। तीन दिनयता खुलेको मौसममा क्यामेरामा कैद गरिएका मनोरम दृश्यले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा छाएको छ।

हाल नेपालमा कुनै उल्लेखनीय मौसमी प्रणालीको प्रभाव नरहेकाले देशैभरको मौसम सामान्यतया सफा रहेको छ। अहिले देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सफा रहेको छ।

दिउँसो देशको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशहरूमा आंशिक बदलीदेखि मौसम सफा रहनेछ। सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागको एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। रातिको समयमा गण्डकी प्रदेशलगायत देशको पहाडी भेगमा आंशिक बदली रही बाँकी क्षेत्रमा मौसम सफा रहने महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आचार संहिता पालना होस्

उम्मेदवारी नै खारेजसम्म हुनसक्ने भए पनि निर्वाचन आचार संहिता उल्लंघनको क्रम भने बढ्दो रहेको पुष्टि निर्वाचन आयोगले सोधेको स्पष्टीकरणबाट भएको छ। निर्वाचनकै क्रममा छलछाम गर्ने र ढाँट्ने उम्मेदवारले चुनावपछि पनि जनतालाई धोका दिने अनुमान सहजै गर्न सकिन्छ। विभिन्न तरिकाले आचार संहिता उल्लंघन गर्ने वा त्यसो गरेको उजुरी परेका उम्मेदवार र सरकारी कर्मचारीसमेतलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ। सम्भवतः चित्तबुझ्दो स्पष्टीकरण दिएमा आयोगले थप कारवाही नगर्ला। कतिपय अवस्थामा रकमी शब्दमा स्पष्टीकरण दिएर उम्मेदवार वा तिनका सहयोगी आयोगको कारवाहीबाट उम्कने पनि छन्। तर, जनताले देखेको यथार्थलाई भने लुकाउन वा बदल्न भने तिनले पक्कै सक्ने छैनन्। कानूनी सजायबाट उम्के पनि यसरी फट्याइँ गर्नेहरू जनताले कारवाही गर्नसक्छन्। दल विशेषको निर्वाचन चिन्ह लिएर उम्मेदवार बनेका व्यक्तिहरूले आफूलाई 'स्वतन्त्र' उम्मेदवारका रूपमा मतदातासमक्ष प्रस्तुत गरेकोमा आयोगले स्पष्टीकरण सोधेको छ। सामान्य जस्तो देखिए पनि आचार संहिता उल्लंघनको यो गम्भीर घटना हो। निर्वाचन आयोगले जारी गरेको आचार संहिता अव्यावहारिक भएको गुनासोपछि केही बुँदा खारेज गरिएकाछन् भने कतिपय बुँदालाई खुकुलो बनाइएको छ। अब मूलतः उम्मेदवार र सरकारी अधिकारीहरू आचार संहिता उल्लंघन नहोस् भनेर गम्भीर हुनुपर्छ। आचार संहिता उल्लंघनको प्रवृत्ति ठूला दलका शीर्ष नेताहरूमा बढी देखिएको छ। विशेषगरी पूर्वप्रधानमन्त्रीहरू उम्मेदवार रहेका क्षेत्रमा सरकारी कर्मचारी र साधन स्रोतको अनुचित प्रयोग अपेक्षाकृत बढी हुँदा पनि आयोग मूकदर्शक रहनु हुँदैन। राज्यका सुरक्षाकर्मीको उपस्थितिलगायतले त्यस्ता क्षेत्रका मतदातामा एक प्रकारको त्रासको वातावरण बन्न सक्छ। फलस्वरुप, निर्वाचन प्रभावित हुने सम्भावना बढ्छ भने यसबाट उम्मेदवारहरूबीच राज्यद्वारा नै असमान व्यवहार हुन पुग्छ। निर्वाचनमा निष्पक्ष र भयरहित वातावरण निर्माण गर्ने दायित्व मूलतः निर्वाचन आयोगकै छ। यसका लागि आयोगले सबैभन्दा पहिले राज्यको साधन स्रोत र जनशक्ति कुनै उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग हुनबाट रोक्नुपर्छ। निर्वाचनमा उम्मेदवार भएका पूर्वप्रधानमन्त्रीहरू पनि अरू उम्मेदवार सरह नै हुन् र आचार संहिता पालनमा उनीहरू अपवाद हुनसक्तैनन्। यसैगरी बहालवाला मन्त्रीहरूले पनि राज्यका साधन स्रोतको दुरुपयोग नगरुन् भन्नेमा आयोग सजग हुनु जरुरी छ।

# दीपावली र मधेशको साहित्य



सञ्जय साह मित्र

नेपाली साहित्य भन्ने बित्तिकै अहिलेको सन्दर्भमा सामान्यतया नेपाली भाषाको साहित्य भनेर बुझिन्छ। यदि यसैलाई आधार मान्ने हो भने मधेसी साहित्य भनेर केही पनि बुझिँदैन वर्तमानमा। वास्तवमा अबको दिनमा मधेसी साहित्य भनेर मधेसमा बोलिने भाषाभाषीको साहित्य भन्ने दिन आउनुपर्छ। मधेसमा बोलिने भाषाभाषीको लागि वर्तमान मधेस प्रदेशको सरकारले केही पनि गर्न सकेन। पाँच वर्षको अवधि बित्नै लागेको छ तर विगतमा केन्द्रप्रति भाषा र साहित्यको मामिलामा जुन असन्तुष्टि आउने गरेको थियो, त्यही असन्तुष्टिको अनुकरण भाषा र साहित्यको क्षेत्रमा गर्दै मधेस प्रदेश सरकारले मैथिली र भोजपुरी भाषा अर्थात् जसको साहित्य पहिलेदेखि नै समृद्ध थियो त्यसैलाई समृद्ध बनाउने दिशामा केही काम गऱ्यो। भाषा र साहित्यको क्षेत्रमा एउटा नराम्रो इतिहासको सुरुआत मधेस प्रदेशमा पनि भएको छ।

अब दीपावली हाम्रो घरदैलोमा आइपुग्न लागेको छ। दीपावलीको समयमा मधेसमा वास्तवमा झिलिमिली हुन्छ। हरेक व्यक्तिले सम्भव भएसम्म आफ्नो सम्पूर्ण परिवेशलाई सफा सुग्घर बनाउने प्रयास गर्दछन्। सम्पूर्ण रुपमा आफूलाई स्वच्छ बनाउने र पवित्र बनाउने प्रयास गर्दछ। घरभित्र र मनभित्रका मयललाई सफा बनाउने पर्वको रुपमा दीपावली छँदैछ। यसको धार्मिक मान्यता र आध्यात्मिक मान्यता पनि रहेको छ। आध्यात्मिक मान्यताले गर्दा यो पर्व धार्मिक पनि बन्न पुगेको यथार्थ छ भने सफाइको क्षेत्रमा यस पर्वको जुन महत्व रहेको छ, यसले युगौँयुगसम्म सफाइको चेतना र व्यवहार दिइरहने छ। सम्पूर्ण सफाइ र सम्पूर्ण उज्यालो यस पर्वको वर्तमान हो।

जहाँ सम्पूर्ण सफाइ भएको हुन्छ त्यहाँ जसकसैलाई पनि बस्न मन लाग्छ। पवित्रताप्रति स्वाभाविक आकर्षण हुन्छ, श्रद्धा हुन्छ। सम्मान हुन्छ अन्तर्हृदयमा। यसै कारण सफाइको महापर्व दीपावलीको दिन नै राति सफाइ भएको हरेक घरमा दीप प्रज्ज्वलन हुन्छ। आफ्नो अन्तर्दिलमा पनि उज्यालो भरिन्छ यस अर्थमा कि खुसीले गद्गद हुन्छ हरेकको दिल। आखिर जीवनमा सुख र दुःख यही दिन र रात जस्तै घामछाया बनेर आइरहन्छ, गइरहन्छ तर दीपावली त जीवनको एउटा यस्तो पवित्र रेखा हो जहाँ सबैलाई प्रतीक्षा हुन्छ कि यो दिन विशेष सफाइ होओस्। घर, आँगन र घरभित्रका सम्पूर्ण सामान तथा सामग्री मात्र नभई आसपासको परिवेश पनि सम्भव भएजति पवित्र बन्न सकोस्। पवित्रताको यो महापर्वमा घरभित्र र घरबाहिर पनि किन झन् उज्यालो नबनाउने? आफूलाई बाहिर प्रदर्शन पनि गर्ने र भित्र श्रद्धा र आस्थाको एक श्रेणी माथि उक्लेर पूजा गर्ने र रमाउने पनि। कस्तो विचित्रता, आधुनिकताको अत्यधिक उपयोग र आध्यात्मिकताको गहिराइ, दुवैमा उमंग र उत्साहले भरिएको यस दिनमा साहित्यकारहरुले नरमाउने कुरै हुँदैन।

शुद्ध करुतेल र घिउमा बलेको दीपकको मनै हर्ने सुगन्ध र त्यसमाथि हरेक घरमा पाक्ने तरुवाको सुगन्धको कल्पनाले नै एकातिर मुखै रसाउँछ भने अर्कोतिर त्यस दिनको फरक आनन्दको अनुभूति हुन्छ। दीपावलीको अर्थ परिवेशमा सोझै दीप प्रज्ज्वलन त होइन नि। यो त विशाल परिभाषा बोकेको उज्यालो संसार हो। यस किसिमको विशेष परिवेश देखेर साधारण मानिसको मन द्रविभूत हुन्छ भने सर्जकको मन कसरी सम्हालिन्छ? जतिसुकै व्यस्तताको बावजुद पनि सर्जकले यस दिन चाहन्छन् कि आफ्नो मनको भावनालाई मूर्त रुप दिन सकूँ। सम्भव भएसम्म साहित्यकारले यस दिन कुनै एक सिर्जना पनि गर्दछन् नभए यस दिनको आनन्द अरुले भन्दा पृथक किसिले लिने गर्दछन्। यसलाई साहित्य कला र सिर्जनाको दृष्टिले फरक रुपमा लिन सकिन्छ।

> *दीपावली देशभर मनाइन्छन्। अब विस्तारै हरेक समुदायले मनाउन थालेको छ। यद्यपि परम्परागत रुपमा यो हिन्दूको पर्व हो। तर के भनिन्छ भने उज्यालो हुने चाहना त सबैको हुन्छ। हरेक चाहिँ प्रकाशवान हुनुपर्छ। अप्पो दीपो भवः भनेर भगवान बुद्धले भनेका छन्। स्वयं नै प्रकाशवान बन्नुपर्छ। यसबाट प्रकाशमा सबैको हक छ भन्ने देखिन आउँछ। यसको महत्व यो पनि हुनुपर्छ कि यस बारेमा पर्यापत साहित्य सिर्जना हुनुपर्छ जुन अझै हुन सकेको छैन। वास्तवमा साहित्य किन र कसरी लेख्ने भन्ने विषय नै समाजको बहसमा आउन सकेको छैन। साहित्यको उपादेयता वा महत्वको विषयमा समाज निकै अनभिज्ञ रहेको छ।*

यद्यपि दीपावलीको साहित्य जति प्रकाशित हुनुपर्ने हो, त्यत्ति हुन सकेको पाइँदैन। यसको मूल कारण मधेसको परिवेशमा साहित्यको महत्व बुझ्न नसक्नु हो। उदाहरणको लागि बागमती प्रदेशको मकवानपुर जिल्लामा करिब पाँच दर्जन पुरस्कारको स्थापना भइसकेको छ। पाँच दर्जन भन्दा बढी पुरस्कारको स्थापना साहित्यकार तथा साहित्यिक संस्थाका लागि भएका छन्। यसबाट यो अनुकरण सजिलो हुन जान्छ कि मानिसले आफूलाई पनि साहित्य सिर्जनातिर प्रभृत गराउन चाहन्छन्। र, यदि आफ्ना सन्तानले कतैबाट सिकेर वा स्वभाविक रुपमा पढेर साहित्यको सिर्जना गर्दछन् भने घरैमा पहिलो प्रोत्साहन पाइन्छ। घरैमा प्रोत्साहन पाउनुपर्ने कारण यो पनि हो कि मकवानपुरे समाजमा साहित्यको सम्मान वृद्धि भएको छ। साहित्यले सम्मान दिन्छ र सम्मानले पनि साहित्य दिन्छ भन्ने कुरालाई मकवानपुरले पुष्टि गरिरहेको छ। मकवानपुरलाई साहित्यको राजधानी यसै कारण भनिने गरिएको छ। एउटा मकवानपुरमा एक वर्षमा जति साहित्यिक कृति प्रकाशित हुन्छ, त्यत्ति मधेस प्रदेशमा नै सम्भवतः हुँदैन।

मधेस प्रदेशको साहित्यको दुर्भाग्य यो पनि हो कि यस प्रदेशमा रहेर साहित्य सिर्जन गर्नेहरुभन्दा यस प्रदेशभन्दा बाहिर रहेर यस प्रदेशको नाममा साहित्य सिर्जन गर्नेको संख्या बढी छ। यसरी गर्दा त्यस्ता सर्जकलाई दोहोरो फाइदा रहेको छ। पहिलो किसिमको फाइदा त यो हो कि तिनी जुन ठाउँमा छन् त्यहाँको पनि स्थानीय कहलिन पाए, त्यहाँ पनि सम्मानित हुन पाउने भए र यस प्रदेशको पनि स्थानीयको हैसियतमा रहिरहन पाए। यस प्रदेशमा यस प्रदेशको भाषा र साहित्यका लागि निरन्तर मरिमेटेर काम गरिरहँदा तिनीभन्दा माथि आफू रहेको भनी देखाउन सजिलो हुने भयो।

बाहिर बसेर साहित्य सिर्जन गर्नेहरुले यस प्रदेशको प्रतिभा प्रोत्साहन, संरक्षण तथा सम्बर्द्धनमा खासै योगदान दिन सकिने अवस्था नरहे पनि भाषा र साहित्य क्षेत्रका देशका ठूला र विशिष्ट सर्जकहरुसित भने सम्पर्क र समन्वयका कारण प्रदेशका प्रतिभालाई काम न काजको भनी बताउन सजिलो भएको छ। यस किसिमको थिचोमिचोका कारण यस प्रदेशका प्रतिभाहरु पनि के चाहन्छन् भने सम्भव भएसम्म त्यस्ता प्रतिभालाई नै बोलाएर कुनै कार्यक्रममा निरन्तर सम्मान गरिरहूँ। अनि यसको परिणति के हुन्छ भने स्थानीय प्रतिभाको उत्पादन तथा संरक्षण र प्रोत्साहनमा नकारात्मक प्रभाव पर्दछ। अझ मधेस प्रदेश सरकारको गठन भएको समयदेखि अहिलेसम्म भाषा र साहित्यको नाममा यस प्रदेशका वास्तविक प्रतिभाहरुको प्रोत्साहनको लागि केही पनि गर्न नसकेको र यस प्रदेशका भाषा र साहित्यको नाममा मैथिली र भोजपुरीलाई मात्र प्रोत्साहन गर्दा अन्य भाषा र साहित्यका सेवकहरुमा भने निराशा आउनु स्वाभाविक भएको छ। र, मधेसको दीपावलीको वास्तविक रंग तथा स्वाद यहाँका विभिन्न भाषाका साहित्यमा अझै आउन सकेको छैन। यसको लागि अझै समय लाग्ने किन देखिन्छ भने स्थानीय चेतनामा क्रमिक वृद्धि भइरहेको छ।

साहित्यको सिर्जन पीडा र दुवै दुवै विपर्यय अवस्थामा हुन्छ। हुन त हरेक मानवीय संवेदनामा साहित्यको सिर्जन भएको पाइन्छ। यसैले साहित्यमा नौ रस रहेको देखिन्छ। सबै परिवेशमा साहित्यको सिर्जन सम्भव छ र साहित्य सिर्जनको परिवेश आफ्नै हुन्छ पनि। तर मधेस प्रदेशको परिवेशमा दीपावली जुन रुपमा मनाइन्छ, त्यसको प्रभाव र वर्चस्व यहाँको साहित्यमा किन आउन सकेको छैन? मधेस प्रदेशको साहित्यको सिर्जन किन यहाँका स्थानीय चाडपर्व र मौलिक संस्कृतिको अन्तर्य र अनुभूति तथा महिमा गान गरिएका साहित्यको सिर्जन हुनै सकेको छैन। यस क्षेत्रमा स्थानीय सरकारले त ध्यान दिनै सकेको छैन तर प्रदेश सरकारले पनि ध्यान दिन सकेको छैन। प्रदेश सरकारबाट त धेरै आशा थियो जुन आशा किन मुर्झायो, किन बिलायो र किन हरायो भने विकासको अर्थ केवल सडक ढलान र भवन निर्माणलाई लिने संस्कृति प्रदेश सरकारले पनि अवलम्बन गऱ्यो। यस प्रदेशको मौलिक संस्कृति वा भाषा निकै सानो समुदायमा पनि रहेको छ भन्ने यथार्थभन्दा निकै टाढा रहेर ठूलो भाषिक समुदायलाई रिझाउनपट्टि लागेर एउटा विशाल अवसरको घाँटी निमोठ्ने काम भएको परिवेशमा स्थानीय संस्कृतिको स्वाद यहाँको साहित्यमा नआउनु कुनै नौलो कुरो नै भएन। अथवा भाषा र साहित्यको महत्व तथा यस प्रदेशको भाषा र साहित्यलाई चिन्ने अवसर आउने दिन अझै बाँकी छ भनेर साहित्यका पारखीहरु पर्खेर बसेका छन्।

दीपावली देशभर मनाइन्छन्। अब विस्तारै हरेक समुदायले मनाउन थालेको छ। यद्यपि परम्परागत रुपमा यो हिन्दूको पर्व हो। तर के भनिन्छ भने उज्यालो हुने चाहना त सबैको हुन्छ। हरेक चाहिँ प्रकाशवान हुनुपर्छ। अप्पो दीपो भवः भनेर भगवान बुद्धले भनेका छन्। स्वयं नै प्रकाशवान बन्नुपर्छ। यसबाट प्रकाशमा सबैको हक छ भन्ने देखिन आउँछ। यसको महत्व यो पनि हुनुपर्छ कि यस बारेमा पर्यापत साहित्य सिर्जना हुनुपर्छ जुन अझै हुन सकेको छैन। वास्तवमा साहित्य किन र कसरी लेख्ने भन्ने विषय नै समाजको बहसमा आउन सकेको छैन। साहित्यको उपादेयता वा महत्वको विषयमा समाज निकै अनभिज्ञ रहेको छ। अबको समयमा साहित्यलाई सर्वसाधारणसित जोड्न एउटा अनवरत चलिरहने एउटा अभियानको आरम्भ गरिनुपछ जसबाट साहित्यको महत्ताबारे समाजले जागृत हुने मौका प्राप्त गरोस्।

साहित्यको अर्थमा भन्ने हो भने धेरै महत्वपूर्ण ग्रन्थहरु भनी चर्चामा रहेकाहरु पनि साहित्य नै हुन्। र, हरेक मानिसमा साहित्य हुन्छ। भावनाको प्रकटीकरण गर्ने अवसर दिइनुपर्छ वा भावनाको प्रकटीकरण गर्ने वातावरण दिनुपर्दछ। सबैले बुझेका छन्, यही अवसर नहुँदा यस प्रदेशका लोकसाहित्य, लोककला तथा लोकसंस्कृतिहरु व्यावसायिक हुन सकेका छैनन्। जसको नकारात्मक प्रभाव यो देखिएको छ कि धेरै महत्वपूर्ण लोकसांस्कृतिक सम्पदाको संरक्षणमा बाधा पुगिरहेको छ। साथै दीपावलीको संस्कार तथा संस्कृति र यसको आधुनिक स्वरुपमा साहित्यको सिर्जन हुन सकेको छैन।

हुँदै नभएको होइन तथा जति मात्रामा र जसरी हुनुपर्ने हो त्यत्ति मात्रामा र त्यत्तिको गुणवत्तायुक्त हुन सकेको छैन। यसको अर्थ यो होइन कि दीपावलीको विषयमा साहित्य सिर्जन भएकै छैन र भएका जति पनि गुणस्तरहीन रहेका छन्। भन्नुको तात्पर्य यो हो कि दीपावलीजस्तो गरी दीपावली साहित्य मधेसमा फस्टाउन सकेको छैन र दीपावलीको विभिन्न रुपलाई साहित्य र कलाको विभिन्न अन्दाजमा प्रस्तुत गर्न सकिएको छैन, प्रस्फुटन हुन बाँकी छ। दीपावली साहित्य पनि हरेक कोण र दृष्टिकोणबाट लेखिनुपर्छ र दीपावलीलाई साहित्यको हरेक विधासित जोडिनुपर्छ। यसको बाह्याकृतिका साथै अन्तर्यलाई पनि अंकरित हुने वातावरण दिनुपर्छ तथा साहित्य पनि जीवनको एक अंग हो भन्ने भावनालाई दीपावलीको अन्तर्यसित जोड्नुपर्छ।

# वित्तिय संस्था सिधिँदै, देशको अर्थतन्त्र धरायसी हुदैं

रूषा थापा
भक्तपुर

अहिले बजारमा बैंकले कर्जाको ब्याजदर २० देखि २४ प्रतिशतसम्म पुऱ्याउने र सहकारीले ३० देखि ४८ प्रतिशतसम्म पुऱ्याउने भनेर वित्तिय संस्थाबाट कर्जा खाने मानिस तथा व्यवसायीहरु बताउँछन्। हिजो बैंकबाट कर्जा लिँदा ९ प्रतिशत ब्याज र सहकारीबाट कर्जा लिँदा १३ प्रतिशत ब्याजमा कर्जा लिएको तर ९ प्रतिशत ब्याजदरलाई बढाएर २४ प्रतिशत र १३ प्रतिशत ब्याजदरलाई बढाएर ४८ प्रतिशतसम्म पुऱ्याएको भनेर बताउँछन्। त्यसैले अहिले बैंक , फाइन्स वा सहकारीबाट धितो राखेर कर्जा खाने मानिस तथा व्यवसायीहरु कर्जा वा ब्याज तिर्न नसकेर धितो नै छोडेर भाग्नुपर्ने दिन आएको छ। पछिल्लो समय बैंक, फाइन्स र सहकारीबाट ऋण लिने मानिसको घरमा रुवाबासी चलिरहेको छ र उनीहरुलाई मर्नु कि बाँच्नु भइरहेको छ।

यता ऋण तिर्छुभन्दा पैसा छैन र उता अरु बैंक, फाइन्सबाट कर्जा पनि पाइदैंन। त्यस्तै यता सेयर, घरजग्गा, गाडी बेचेर ऋण तिर्छु भन्दा यीनीहरु पनि बिक्री हुदैंन। अब वित्तिय संस्थाकै कारण कति मानिसहरु त विस्थापन हुने भएका छन् भने कति मानिसहरुले आफ्नो व्यापार व्यवसाय नै बन्द गर्नेपर्ने भएको छ। वित्तिय संस्थाले धितो रोक्का गरेर दिएको कर्जाको धितोको मूल्य घटेको घट्यै छ भने ऋण भने बढेको बढ्यै छ।

एक वर्षअघि एक आनाको ८५ लाख पर्ने जग्गा अहिले किनबेच नभएर वा मन्दी आएर डेढ लाखमा बिक्री हुदैंन। साथै अहिले मालपोत कार्यालयमा एकदुईवटा समेत घरजग्गा नामसरी हुदैंन। बैंक, सहकारीहरुले हिजो ८५ लाख पर्ने घरजग्गा रोक्का गरेर ६० लाख कर्जा दियो र ६० लाख लिएको कर्जाको साँवा, ब्याज नतिरेर आज ९० लाख पुग्यो तर यता ८५ लाख पर्ने घडेरीको मूल्य घटेर डेढ लाखमा आयो। अहिले वित्तिय संस्थाहरु त चुलुम्मै डुबिसकेका छन्। पछिल्लो समय घरजग्गा बेच्ने मानिस यत्तिकै छन् भने किन्ने कोही छैन। साथै यता घरजग्गा कारोबार गर्ने दलालीहरु पनि वित्तिय संस्थाको नै ऋण तिर्न नसकेर भागिसकेका छन्। बैंक, फाइन्स र सहकारीहरुले ९८ प्रतिशत कर्जा लगानी घरजग्गा, गाडी र सेयरमा गरेका छन्। तर अहिले यी सबै वस्तुमा मन्दी आइसकेको छ।

अहिले ऋणीहरु वित्तिय संस्थाबाट लिएको ऋण तिर्न नसकेर घरजग्गा, गाडी र सेयर नै वित्तिय संस्थालाई दिन्छौं भनेर भनिरहेका छन्। यसरी सबै मानिसहरुले ऋण तिर्न नसकेर घरजग्गा, गाडी र सेयरनै वित्तिय संस्थाको जिम्मामा लगाइपछि वित्तिय संस्था त डुब्यो नि त। एक वर्षअघि ३५ सय कित्तामा किनेको एक कित्ता सेयर अहिले मूल्य घटेर सय रुपैंयामा आएको छ। यता सेयर बिक्री पनि हुदैंन। सेयर लगानीकर्ताहरु डुबेर मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन्। यीनीहरु भाग्नका लागि तयारीका साथ बसिरहेका छन्। पछिल्लो समय सेयर किन्ने मानिस एक जना पनि छैन भने बेच्नेको भिड छ। एक वर्षअघि २०७८ /४/२१ गते एकैदिन २३ अर्बको सेयर कारोबार भएको थियो भने २०७९/६/१२ गते ४८ करोडको सेयर कारोबार भयो। ५४ लाख जनताको सेयरमा लगानी रहेको छ। यिनीहरुको खर्बौ रुपैंया लगानी सेयरमा मात्रै रहेको छ। यो खर्बौ रुपैंया लगानी अहिले बालुवामा पानी हाल्या बराबर भइरहेको छ।

> *वित्तिय संस्थाले ब्याज बढाउनेबित्तिकै ऋणीले ब्याज र साँवा नै तिर्न सक्दैंन र ऋणीले साँवा र ब्याज नतिर्नेबित्तिकै डिपोजिटले पनि ब्याज र साँवा नै पाउँदैन। अबको एक वर्षपछि झन् तरलता बढ्छ र आर्थिक संकट निम्तिन्छ। अबको एक वर्षमा कति बैंक, फाइन्स बन्द हुन्छ त कति भाग्छ। अहिले नै व्यापारी र जनताहरुले वित्तिय संस्थामा पैसा राख्न छोडिसकेका छन्। एकवर्षअघि एक दिनमा एक लाखदेखि ३ लाखसम्म उठाउने बजारप्रतिनिधिले अहिले ५ हजारसमेत उठाउन सक्दैंन।*

त्यस्तै यता सेयर धितो राखेर कर्जा दिने वित्तिय संस्थाहरु पनि चुलुम्मै डुबिसकेका छन्। ३५ सय एक कित्ता सेयरको मूल्य रहँदा त्यो सेयर धितो राखेर २५ सय कर्जा दियो। तर अहिले २५ सय रुपैंया लिएको कर्जाको साँवा र ब्याज नतिरेर ४ हजार पुगेको छ भने सेयरको मूल्य घटेर सय रुपैंयामा आएको छ। व्यक्ति त यसरी डुबि नै हाल्यो तर वित्तिय संस्था पनि उनीहरु सँगसँगै डुब्यो। एक वर्ष अगाडी आफुसँग भएको सेयर बेच्दा २० लाख आउन्थ्यो भने अहिले त्यहीं सेयर बेच्दा एक लाख आउँछ। अहिले चियापसलदेखि किराना पसलसम्म नै सेयरमा लगानी गरेर म डुबे भन्ने मानिसहरु यतिकै भेटिन्छन्। त्यस्तै यता घरजग्गामा लगानी गर्ने मानिसहरुको पनि त्यहीं हालत रहेको छ।

गाडी बेच्ने सोरुमहरुले आफुखुशी गाडीको रेट राखेर बैंक, फाइन्स र सहकारीका अध्यक्ष, चेयरम्यानलाई घुस दिएर वा लोन मिलाएर २० लाखको गाडीलाई ४ लाख रुपैंया मात्रै नयाँ गाडी किन्ने मानिससँग लिएर र अरु सबै वित्तिय संस्थाबाट कर्जा मिलाएर आफ्नो गाडी त बेचे तर व्यक्ति र वित्तिय संस्थालाई डुबाए। अहिले २० लाखमा किनेको गाडीको मूल्य घटेर ३ लाखमा आयो र १६ लाख लिएको कर्जाको साँवा र ब्याज नतिरेर २२ लाख पुग्यो। साथै यता त्यो गाडी बिक्री गरौं भने बिक्री हुदैंन र ऋण तिरौं भने पैसा छैन। त्यसैले अहिले ऋण लिएर गाडी किनेका ऋणीहरुले अब हामी ऋण तिर्न सक्दैनौं बरु गाडी नै लैजानु भनेर भनिसकेका छन्। अब बैंक, फाइन्सहरुले पनि ऋणीको पत्रपत्रिकामा फोटो निकालेर वा कालोसूचीमा राखेर मात्रै त पैसा आउँदैन नि त।

बजारमा अहिले ५० वर्ष अघिको जस्तो मन्दी आइसकेको छ। घरजग्गा, गाडी र सेयरको कारोबार नै छैन। अब झन् घरजग्गा, गाडी र सेयरको मूल्य बढ्ने छैन। साथै बैंक, फाइन्स र सहकारीमा पनि नाफा हुदैंन र कर्जा दिने पैसा पनि हुदैंन। अहिले वित्तिय संस्थामा पैसा राख्ने कोही हुदैंन , ९५ प्रतिशत मानिसले अहिलेनै आफ्नो खाता बन्द गरिसकेका छन्। अब जनताले वित्तिय संस्थाले जतिसुकै महंगो ब्याज दिन्छु भनेपनि यीनीहरुमाथि विश्वास गर्दैनन्। अहिलेपनि बैंक, फाइन्स र सहकारीहरुले मानिसहरुलाई महंगो ब्याजको प्रलोभन देखाइरहेका छन्। सहकारीले ३६ प्रतिशत र बैंकले २४ प्रतिशतसम्म ब्याज दिन्छु भनेर भनिरहेको छ। दिनहुँ १० ओटाभन्दा बढी सहकारीहरु भागिरहेका छन्। सहकारीमा जाँदा सञ्चालक र अध्यक्ष भेटिदैंन।

बैंकले यता बचतकर्ताको एक लाख दिन सक्दैंन भने सहकारीले ५ हजार। अब कर्मचारीलाई तलब कसरी खुवाउने र घरभाडा कसरी तिर्ने भन्नेमा यीनीहरु चिन्तित छन्। यता ३५ हजार २ सय ३९ सहकारीमा ९१ लाख जनताको ११ खर्बभन्दा बढी पैसा डुबिसकेको छ र यो पैसा अब फिर्ता आउने अवस्थामा छैन। वित्तिय संस्थाको ब्याजदर झन् बढ्छ भनेर अहिलेपनि अर्थविद्हरु बताउँछन्। दशैंमा सहकारी र बैंकले बचतकर्ताको पैसा फिर्ता नगर्दा कतिले दशैं नै मनाउन पाएनन् भने तिहारमा पनि त्यहीं हालत रहेको छ। अहिले वित्तिय संस्थामा पैसा निकाल्नेको लर्को रहेको छ भने राख्ने कोही छैन। विश्वको कति देशमा त अर्थतन्त्र नराम्रोसँग धरायसी भइसकेको छ भने नेपालमा पनि यसको संकेत देखिसकेको छ।

सरकारले देशको अर्थतन्त्र श्रींलका जस्तो नभएको भनेर भनेपनि जनता भने देश श्रींलका भइसक्यो भनेर बताउँछन्। बजारमा महंगी हत्तै बढिसकेको छ , व्यापार घाटा दिनहुँ बढिरहेको छ र वित्तिय संस्थामा तरलता बढिसकेको छ। अहिले जनताहरुले आआफ्नो पैसा बैंक, फाइन्सबाट निकालेर घरघरमा लुकाइसकेका छन्। यता सरकार भने हजार र पाँच सयको नोट पनि प्रतिबन्ध लगाउँदैन र नयाँ नोट दुई हजार निकाल्दैंन। अहिले चुनावका लागि नेताहरुले ऋण लिएर वा आफुसँग भएको पैसाहरु पनि खर्च गरेको देखिन्छ र चुनावपछि झन् आर्थिक संकट आउँछ जस्तो देखिरहेको छ। साथै यता वित्तिय संस्थाबाट ऋण लिने मानिसहरु पनि अब हामी ऋण तिर्न सक्दैनौं भनेर आन्दोलन गर्न थालिसकेका छन्। साथै उनीहरु वित्तिय संस्थाको ब्याजदर महंगो भएर आफ्नो व्यापारव्यवसायी समेत बन्द गर्न तयार छन्।

यता विदेशी पर्यटकहरु नेपाल घुम्न आउन छोडिसकेका छन् भने उता डलरको भाउ प्रत्येक दिन बढिरहेको छ। साथै पेट्रोल तथा डिजेलको मूल्य पनि बढेको बढ्यै छ। अब झन् महंगीले सिमा नाघ्रछ र व्यापार घाटा पनि बढ्छ। साथै नेपालको अर्थतन्त्र श्रींलका हुन्छ। प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सरकारी कर्मचारीलाई तलब खुवाउन समेत विदेशी ऋण लिनुपर्ने अवस्था आएको भनेर बताइसकेका छन्। यता उघोग व्यवसायीहरु भने वित्तिय संस्थाको महंगो ब्याजको कारण उघोग वा व्यापार व्यवसायी नै बन्द गरेर भाग्नुपर्ने दिन आएको बताउँछन्। सरकारी कर्मचारीको तलब बढेको बढ्यै छ भने वडाध्यक्षदेखि राष्ट्रपति समेतलाई तलबभत्ता चाहिन्छ। जनताले सरकारलाई कर तिर्दा त राज्यको खर्च धान्न मुशिकल छ भने व्यापार व्यवसायीहरु सबै बन्द भएमा कसरी राज्यको खर्च धानिन्छ। विदेशी ऋण एक नेपालीको टाउकोमा ७९ हजार पुगेको छ। नेपाल सरकारले विदेशीसँग लिएको ऋणको साँवा र ब्याज सरकारले तिर्न नसक्दा भोलिका दिन विश्वसामु नेपाल नै रहदैंन भन्नेमा नेपाली जनताहरु चिन्तित रहेका छन्। नेपालको खेतीयोग्य जमिनहरु घर र बाटोमै सिधिँसकेको छ। नेपाल खाघान्नमा आत्मनिर्भर रहेको छैन।

यदि बाहिरी मुलुकले नेपालमा खाघान्न नपठाएमा नेपालीहरु भोकै मर्ने छन्। तर वित्तिय संस्थाहरुले चाँडो नाफा कमाउन कर्जाको सम्पूर्ण लगानी नै घरजग्गा, गाडी र सेयरमा गरे। सरकारले मूल्यनिर्धारण गरेको एक लाख आनाको जग्गा व्यापारी वा दलालीले एकवर्षअघि आनाको ५० लाखमा बेचे। अहिले त्यो ५० लाख किनेको जग्गा एक लाखमै झरेको छ। काठमाडौंको न्यूरोडमा एक आना जग्गाको सरकारी मूल्य ६६ लाख ५० हजार रहेको छ तर दुईवर्षअघि त्यहाँ त्यो जग्गा आनाको १२ करोडमा समेत बिक्री भयो तर अहिले त्यो जग्गा फेरिपनि ६६ लाख ५० हजारमै झरेको छ।

यसरी घरजग्गा, गाडी र सेयरको मूल्य घट्ने र बढ्ने भएकाले कति मानिस डुबे त कति मानिस भागे। तर यसको असर मानिसमा भन्दा बढी देशको अर्थतन्त्रमा परेको छ। साथै वित्तिय संस्थाहरु डुब्नुपर्ने अवस्थामा पुगेको। अब झन् वित्तिय संस्थाको ब्याज बढ्छ र यिनीहरुसँग लगानी गर्न पैसा नै हुदैंन। वित्तिय संस्थाले ब्याज बढाउनेबित्तिकै ऋणीले ब्याज र साँवा नै तिर्न सक्दैंन र ऋणीले साँवा र ब्याज नतिर्नेबित्तिकै डिपोजिटले पनि ब्याज र साँवा नै पाउँदैन। अबको एक वर्षपछि झन् तरलता बढ्छ र आर्थिक संकट निम्तिन्छ। अबको एक वर्षमा कति बैंक, फाइन्स बन्द हुन्छ त कति भाग्छ। अहिले नै व्यापारी र जनताहरुले वित्तिय संस्थामा पैसा राख्न छोडिसकेका छन्। एकवर्षअघि एक दिनमा एक लाखदेखि ३ लाखसम्म उठाउने बजारप्रतिनिधिले अहिले ५ हजारसमेत उठाउन सक्दैंन। यता कतिले त तलबनै नपाएर जागिर छोडे त कतिले तलब दिन नसकेर जागिर छोडे। कर्मचारीहरु एक वर्षदेखि तलब नपाएको बताउँछन् त घरधनीहरु ६ महिनादेखि भाडा नपाएको बताउँछन्।

सहकारी र बैंकहरुले कतिलाई भगाए त कतिलाई सडकछाप बनाए। तर अहिले यीनीहरु नै भाग्नुपर्ने दिन आएको छ। वित्तिय संस्थाको ऋण तिर्न नसकेर कतिले त आत्महत्या गरे त कतिले देश नै छोडे । १२ वर्षमा एक पटक त फर्केको खोलो फर्किन्छ भनेर बुढापाका भन्थे, हो रहेछ। पहिलापहिला वित्तिय संस्थाबाट ऋण खाने मानिसहरु मात्रै भाग्थे तर अहिले त वित्तिय संस्था नै भाग्नुपर्ने दिन आएको छ।

# 'आर्थिक आधार सबल गर्नु सबैको दायित्व'

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले नयाँ संविधान कार्यान्वयनमा आइसकेपछि आर्थिक समृद्धिका महत्वपूर्ण आधार तयार भएको बतानुभएको छ।

वाम-लोकतान्त्रिक गठबन्धनले मंगलबार ललितपुरमा आयोजना गरेको अगुवाकार्यकर्ताभेलालाईसम्बोधन गर्दै उहाँले ऊर्जा उत्पादनमा नेपाल आत्मनिर्भरतातर्फ अगाडि बढेको बताउनुभयो।

"स्वच्छ ऊर्जाको निर्यात गर्ने अवस्थामा हामी पुगेका छौँ, भौतिक पूर्वाधार, शैक्षिक एवं स्वास्थ्य क्षेत्रमा सकारात्मक परिवर्तन भई जनताको जीवनस्तरमा केही सुधार आएको छ", उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमलाई अझ प्रभावकारी एवं गुणस्तरीय तुल्याई आर्थिक आधार सबल गर्नु हामी सबैको दायित्व हो।"

समृद्ध मुलुक, सम्पन्न नेपालीको सपना साकार गर्ने साझा लक्ष्य प्राप्तिका लागि एकताबद्ध हुन जरुरी रहेको जनाउँदै उहाँले प्राप्त उपलब्धिको संरक्षणका लागि निरन्तर संयुक्त सङ्घर्ष जारी तथा समुन्नत आर्थिक-सामाजिक विकासको महाअभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो।

"सामाजिक न्यायसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको चरणमा छ, नागरिकको मौलिक अधिकार पनि सुनिश्चित हुने क्रममा छ", उहाँले भन्नुभयो, "प्राप्त उपलब्धिको रक्षा र सवलीकरण गर्नुपर्ने अबको दायित्वलाई अझ प्रभावकारी तवरले अगाडि बढाउनुपर्नेछ।

"ललितपुर क्षेत्र नं ३ का उम्मेदवारसमेत रहनुभएका मन्त्री भुसालले ललितपुरवासीका लागि कला, सम्पदा, संस्कृति र परम्पराको प्रवर्द्धन समृद्धिको महत्वपूर्ण आधार रहेको बताउनुभयो। उहाँले कला, सम्पदा, संस्कृति र परम्परालाई यहाँका हरेक घरपरिवारको आर्थिक उपार्जनसँग जोडनुपर्ने बताउनुभयो।

"व्यवस्थित एवं आधुनिक कृषि कर्मको प्रवर्द्धन गर्दै यहाँ उपलब्ध खेतीयोग्य जमिनको संरक्षण गरी कृषि पर्यटनको अवधारणा लागू गर्नुपर्दछ", उहाँले भन्नुभयो, "त्यसका लागि आवश्यक पर्ने नीतिगत व्यवस्था, प्रदेश र स्थानीय सरकारसँग समन्वय गर्न आवश्यक छ।" ललितपुर क्षेत्र नं १ का उम्मेदवार एवं पूर्वअर्थ राज्यमन्त्री उदयशम्शेर राणाले वाम-लोकतान्त्रिक गठबन्धनका नेता कार्यकर्ता एकताबद्ध भएर गएमात्र ललितपुरका तीन वटै क्षेत्रमा गठबन्धनका उम्मेदवार विजयी हुने बताउनुभयो।

उहाँले गठबन्धनमा सहभागी दलका उम्मेदवारको पक्षमा कुनै कञ्जुस्याइँ नगरी मत माग्न कार्यकर्तालाई आग्रह गर्नुभयो।

ललितपुर क्षेत्र नं २ का उम्मेदवार कृष्णलाल महर्जनले संविधानको रक्षा र मुलुकलाई स्थिरता दिन गठबन्धन बनेको उल्लेख गर्दै वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी गराउन सम्पूर्ण शक्ति एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो।रासस

# स्थायी शान्ति र लोकतन्त्रका लागि सत्तागठबन्धनलाई बहुमत दिलाउन प्रधानमन्त्री देउवाद्वारा आह्वान

काठमाण्डु। प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्तागठबन्धनलाई प्रचुर मात्रामा बहुमत दिलाएर देशमा स्थायी शान्ति र लोकतन्त्र स्थापनामा सहयोग गर्न आह्वान गर्नुभएको छ।

ललितपुर जिल्लास्तरीय वाम-लोकतान्त्रिक गठबन्धनका अगुवा कार्यकर्ता भेलालाई मंगलबार सम्बोधन गर्दै उहाँले आगामी आमनिर्वाचनमा रुख भएको ठाउँमा रुखमा, हसिया हथौडा भएको ठाउँमा हँसिया हथौडामा र कलम भएको ठाउँमा कलम चिन्हमा मतदान गर्न सबैलाई आग्रह गर्नुभयो।

गठबन्धन दलका उम्मेदवारलाई कांग्रेसका सबै नेता कार्यकर्ता तथा आफूले पनि स्थानीय तहको निर्वाचनमा भोट हालेको प्रसङ्ग उल्लेख गर्दै उहाँले आगामी निर्वाचनमा पनि गठबन्धन दलका उम्मेदवारलाई सबैले सबैलाई भोट हाल्ने विश्वास व्यक्त गर्नुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, "संसद बचाउन यो गठबन्धन बनेको हो, यो राम्रो सँग चलेको छ। सबैबाट सहयोग प्राप्त भएको छ। आपसी विश्वास कायम छ। यसका लागि सबैलाई धन्यवाद।"



तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुईपटक संसद भङ्ग गर्नुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले जनताले चुनेको संसद मन लाग्यो भन्दैमा लहडमा भङ्ग गर्न नपाईने बताउनुभयो। यस्तै नहोस् भनेर नै संविधान बनाउँदा सो बारेमा संविधानमा आवश्यक व्यवस्था उल्लेख गरेको उहाँले जानकारी गराउनुभयो।

लोकतान्त्रिक प्रणालीमा निर्वाचन गर्ने निर्धारित र आवधिक समय हुने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले सोही समयानुसार नै अहिले निर्वाचन हुन लागेको स्पष्ट पार्नुभयो। "हामीले अपनाएको राजनीतिक प्रणाली अनुसार नै अहिले आवधिक निर्वाचन पाँच वर्षमा हुन लागेको हो", उहाँले भन्नुभयो।मुलुकमा एकातिर कोभिड-१९ महामारीको असर र डेङ्गु रोगको सङ्क्रमण तथा अर्कोतिर आर्थिक अवस्थामा देखिएको समस्याका बाबजुद सबैको सहयोगले समाधान उन्मुख भएको उल्लेख गर्दै उहाँले सबै मन्त्रीले राम्रो काम गर्नुभएको बताउनुभयो। त्यसैले नेपाल असफल राज्य हुन बाट बचेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री देउवाले नेपालको अपार संभावना भएको जलस्रोतको दिगो उपयोग गरेर निर्यात गर्न सकिने उल्लेख गर्नुभयो। उहाँले उत्पादित विजुली भारतले किन्ने सहमति भएकाले बजारको समस्या नरहेको र यसैबाट मुलुकले समृद्धि हासिल गर्ने अपेक्षा गर्नुभयो।उहाँले नेपालको संविधान अनुपम रहेको उल्लेख गर्दै सबै मिलेर देश बनाउनुपर्ने आवश्यकता औल्याउनुभयो। "अहिले मुलुकको आर्थिक अवस्थामा सुधार आएको छ। कोभिड-१९ पनि नियन्त्रण भएको छ। स्थायी शान्तिमा मुलुक गएको छ। जीवन्त प्रजातन्त्र स्थापना भएको छ। कांग्रेसले खोजेकै यही प्रजातन्त्र हो", प्रधानमन्त्री देउवाले भन्नुभयो।

उहाँले सबै वर्ग, क्षेत्र र समुदायको देश भएकाले नै त्यसका लागि समावेशी लोकतन्त्र अपनाएको बताउदै सो कुरा संविधानले व्यवस्था गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री देउवा ले भन्नुभयो, "यो प्रजातन्त्रको सुन्दर पक्ष हो। विश्वमा यस्तो विरलै हुन्छ। यो ठूलो उपलब्धि हो र यसको रक्षा गर्नु सबैको दायित्व हो। हरेकलाई आरक्षण दिइएको छ। सुन्दर देशसँगै सुन्दर पजातन्त्र स्थापना गरेका छौ, सबैको प्रतिनिधित्व सुनिश्चित भएको छ।"रासस

# पश्चिम सेती र सेती नदी-६ जलविद्युत् परियोजनाले बहुआयामिक विकासको ढोका खोल्नेछ : प्रमुख

काठमाण्डु। नेपाल सरकारले राष्ट्रिय गौरवको परियोजना घोषणा गरेको करिब चार दशकसम्म विभिन्न आरोहअवरोह पार गरेको पश्चिम सेती जलविद्युत् परियोजना विकासको नयाँ चरणमा प्रवेश गरेको छ। पश्चिम सेती जलविद्युत् परियोजना विकासका लागि लगानी बोर्डले भारत सरकार स्वामित्वको एनएचपीसी लिमिटेडसँग गरेको समझदारी अनुसार उक्त कम्पनीले सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन पेस गरिसकेको छ।

गत भदौ २ गते एनएचपीसी र बोर्डबीच पश्चिम सेती र सेती नदी-६ परियोजनाको क्रमशः ४५ दिन र ६ महिनाभित्र सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन पेस गर्ने र दुई वर्षभित्र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गरी बोर्ड समक्ष पेस गर्ने समझदारी भएको थियो। पश्चिम सेती जलविद्युत् परियोजना विकासको लागत रु एक खर्ब ६८ अर्ब र सेती नदी-६ को रु एक खर्ब एक अर्ब अनुमान गरिएको छ।

ती जलविद्युत् परियोजना विकासका लागि बोर्ड र एनएचपीसीबीच समझदारी पश्चात् भएका विकासक्रम, परियोजनाका लाभ, वातावरणीय प्रभाव न्यूनीकरणलगायतका विषयमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टसँग राससले गर्नुभएको कुरकानी :

**गत भदौ २ गते लगानी बोर्ड र भारत सरकार स्वामित्वको एनएचपीसी लिमिटेडबीच समझदारी भएयता पश्चिम सेती र सेती नदी-६ जलविद्युत् परियोजनाको काम कसरी अघि बढिरहेको छ ?**

राष्ट्रिय गौरवको पश्चिम सेती र प्राथमिकता प्राप्त परियोजना सेती नदी-६ दुवै परिणाममुखी कार्यान्वयन ढाँचामा अघि बढिसकेका छन्। पश्चिम सेती सात सय ५० मेगावाट र सेती नदी-६ चार सय ५० मेगावाट गरी कूल एक हजार दुईसय मेगावाट क्षमताका जलविद्युत् परियोजना निर्माणका लागि भारत सरकारको एनएचपीसीसँग समझदारी हुनु आफैँमा उपलब्धिपूर्ण छ। यसले पश्चिम सेती विकासका लागि करिब चार दशकदेखि भइरहेका प्रयासलाई सार्थकतातर्फ डोऱ्याएको छ। यससँगै, विकासकर्ताले ८४ करोड रूपैयाँ बराबरको 'पर्फमेन्स बन्ड' सहित पश्चिम सेती जलविद्युत् परियोजनाको सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन दिएको छ।



त्यस्तै, विकासकर्ताले यस परियोजनाका सम्बन्धमा यसअघि तयार भएका अध्ययन दस्तावेजका लागि अतिरिक्त एक करोड ३९ लाख रूपैयाँ बुझाएको छ र सेती नदी-६ को सन्दर्भमा यसअघि विद्युत् विकास विभागले गरेको अध्ययन प्रतिवेदनका लागि ३० करोड ९० लाख रूपैयाँ निर्धारित समयभित्र बुझाउनेछ। समझदारीका प्रावधानअनुसार अनुमतिपत्र जारी गर्ने प्रक्रियामा रहेको छ।

सेती नदी-६ को हकमा भने समझदारी भएको मितिले ६ महिनाभित्र सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन प्राप्त हुनेछ। सर्वेक्षण अनुमति प्राप्त भएपश्चात् एनएचपीसीले दुई वर्षभित्र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), वातावरणीय अध्ययन प्रतिवेदन बोर्डसमक्ष पेस गर्नेछ र सोको मूल्याङ्कन पश्चात् परियोजना विकासका लागि सम्झौता प्रक्रिया अघि बढ्नेछ।

यसअघि पनि पश्चिम सेती जलविद्युत् परियोजना विकासका लागि विभिन्न अन्तर्राष्ट्रिय कम्पनीबाट प्रस्ताव आएका थिए। यद्यपि ती प्रयास सार्थक हुन सकेनन्। ती प्रयास र अहिलेको पहलमा के फरक छ, जसले यी जलविद्युत् परियोजना विकास हुनेमा आश्वस्त हुन सकिन्छ ?

परियोजनाका बारेमा यस अघिका पहलका सम्बन्धमा म धेरै टिप्पणी गर्न चाहन्न। परियोजना विकास गर्ने अभिप्रायले नै ती अघि बढाइएका थिए भन्ने लाग्छ। यसअघि भए/गरेका प्रयासका विवरण समेटिएको श्वेतपत्र लगानी बोर्डको कार्यालयले सार्वजनिक गरिसकेको छ। श्वेतपत्रले विस्तृत घटनाविवरण समेट्नुका साथै वस्तुस्थितिको यथार्थ चित्र प्रस्तुत गरेको छ।

नेपालको जलविद्युत् क्षेत्रको विकासले यसको सम्भावित बजारसँग अन्योन्याश्रित सम्बन्ध राख्छ र बजार महत्वपूर्ण पक्ष पनि हो। यसका अतिरिक्त ऊर्जा निर्यातमा केन्द्रित परियोजना सहजीकरण एवं व्यवस्थापनको हाम्रो अनुभवका आधारमा एनएचपीसीसँग सहकार्य अघि बढेको हो। भारत सरकार स्वामित्वको एनएचपीसी प्राविधिक र वित्तीय दुवै हिसाबले सक्षम कम्पनी देखिएको छ। सो कम्पनीले भारतमा सात हजार मेगावाट भन्दा धेरै क्षमताका जलविद्युत् परियोजना कार्यान्वयन गरिसकेको छ। साथै, त्यसको दोब्बर क्षमताका परियोजना कार्यान्वयनका क्रममा छन्।

एनएचपीसीले स्वच्छ र नवीकरणीय ऊर्जाका क्षेत्रमा दायरा विस्तार गर्न इच्छुक भई आएकाले नेपालमा यी दुई परियोजना विकास गर्न एनएचपीसी प्रतिबद्ध देखिन्छ। एनएचपीसीको वित्तीय क्षमता, प्राविधिक दक्षता र प्रतिबद्धतामा कुनै प्रश्न छैन। यी परियोजना ऊर्जा निर्यातमा केन्द्रित रहेर एनएचपीसीले कार्यान्वयन गर्दैछ र यसका लागि विकासकर्ता कम्पनी आफैँले बजार सुनिश्चित पनि गर्छ। यस सम्बन्धमा एनएचपीसीले समझदारी भएलगत्तै भारतको पीटीसी इन्डिया लिमिटेडसँग प्रारम्भिक विद्युत् बिक्री सम्झौता भइसकेको पनि जानकारी गराएको छ।

लगानी बोर्डले यी ठूला परियोजनासहित हालसम्म कूल पाँच हजार मेगावाटका जलविद्युत् आयोजनालाई परिणाममुखी कार्यान्वयन ढाँचामा अघि बढाइसकेको छ। विगतमा यस्ता ठूला परियोजना विकासको कार्यान्वयन तथा सहजीकरण कार्यमा लगानी बोर्डले हासिल गरेको अनुभवले पश्चिम सेती विकासका क्रममा आउन सक्ने सम्भावित जोखिमलाई उचित ढङ्गले व्यवस्थापन गर्दै परिणाममुखी तवरले परियोजनालाई सम्पन्न गराउन सक्षम रहेको छ।

**त्यसकारण पश्चिम सेती परियोजना विकासमा कुनै सन्देह राख्नुपर्दैन। परियोजना विकासका लागि स्थानीय सरोकारवालाले सहज र अनुकूल वातावरण निर्माणमा सहयोग गर्नुपर्छ र हुनेछ भन्ने विश्वास गरेको छु। दुबै निर्यात केन्द्रित जलविद्युत् आयोजना हुन, यसले परियोजना क्षेत्र र खासगरी स्थानीयवासीलाई हुने लाभ के-के छन् ?**

पश्चिम सेती र सेती नदी-६को विकाससँगै नेपालको आर्थिक-सामाजिक विकासमा ठूलो रूपान्तरण ल्याउनेछ र यसको प्रत्यक्ष तथा पहिलो लाभग्राही भनेको परियोजना क्षेत्रका बासिन्दा नै हुन्। विकासका दृष्टिले तुलनात्मक रूपमा पछाडि देखिएको सुदूरपश्चिम प्रदेशलाई विकासको मूलप्रवाहमा ल्याउन यो परियोजना रूपान्तरणकारी हुनेछ भनेर नै पश्चिम सेतीलाई राष्ट्रिय गौरवको परियोजनामा सूचीकृत गरिएको हो। यस परियोजनाबाट नेपाललाई निःशुल्क ऊर्जा, राजस्व/आयकर साथै स्थानीय समुदायको लागि रोजगारी, तालिम, आयआर्जनका क्रियाकलाप, सामुदायिक पूर्वाधार विकास, स्थानीय शेयर लगायत प्रत्यक्ष-अप्रत्यक्ष लाभ हुनेछ। परियोजना विकासबाट प्राप्त हुने निःशुल्क ऊर्जाले औद्योगिकीकरणका साथै ऊर्जाका अन्य स्रोतमाथिको निर्भरता न्यूनीकरण भई इन्धन आयात कम गर्न सकिन्छ।

अथवा, स्वदेशमा विद्युत् उपभोगका लागि माग सिर्जना गर्न कठिन भएको खण्डमा हामीले निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ। यी परियोजना विकासका क्रममा प्राप्त हुने औद्योगिक लाभको अनुभव विगतमा गरिसकेका छौं। नेपालमा रहेका सिमेन्ट, छडलगायत निर्माण सामग्री उद्योगले समेत लाभ प्राप्त गर्नेछन्। सुदूरपश्चिमको औद्योगिकरणको साथै आर्थिक उन्नतिमा यी परियोजनाको कार्यान्वयन कोशेढुङ्गा हुनेमा दुई मत छैन।

**ठूला परियोजनाको कार्यान्वयनका क्रममा हुनसक्ने सामाजिक तथा वातावरणीय प्रभाव व्यवस्थापन तथा न्यूनीकरण महत्वपूर्ण पक्ष मानिन्छ। यस सम्बन्धमा लगानी बोर्डको योजना के छ ?**

सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कनका क्षेत्रमा नेपालमा प्रचलित असल अभ्यास अनुशरण गर्दै सम्भावित सामाजिक र वातावरणीय प्रभाव व्यवस्थापन तथा न्यूनीकरणका लागि विकासकर्ताले सुक्ष्म ढङ्गले योजना तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्नुपर्नेछ। यस प्रयासबाट यसप्रकारका ठूला परियोजना कार्यान्वयनका क्रममा आइपर्नसक्ने सम्भावित सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणमा सहयोग पुग्ने र परियोजनाको स्थायित्व कायम हुनेछ। विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् परियोजनाका 'फुटप्रिन्ट' पहिचान भई सम्भावित असरको आँकलन हुनेछ। परियोजना विकास सम्झौतासँगै पहिचान भएका विभिन्न विषयगत योजना तर्जुमा भई कार्यान्वयन हुनेछ।

**सेती बेसिनको बहुआयामिक विकासको सम्भावना कस्तो देख्नुहुन्छ ?**

भौगोलिक हिसाबले पनि जटिल सेती करिडोरको विकासले विस्तारै गति लिएको छ। पश्चिम सेती र सेती नदी-६ विकासको प्रक्रिया अघि बढेसँगै यसको माथिल्लो तटीय (अपस्ट्रिम)सेती नदी-३ जलविद्युत् परियोजनामा चिलिमे जलविद्युत् कम्पनीले लगानी प्रस्ताव गरेको छ। यसले स्वतन्त्र ऊर्जा उत्पादकको सेती बेसिनमा स्वतः आकर्षण बढेको देखिन्छ। सो क्षेत्रको प्रसारणलाइन निर्माणका लागि भारत सरकारको लाइन अफ क्रेडिट (एलओसी) मा राष्ट्रिय प्रसारण ग्रीड कम्पनीमार्फत् चैनपुर-वनलेक-न्यूअत्तरिया ४०० केभी प्रसारण लाइन निर्माण कार्य अघि बढ्ने भएको छ। एक सय ५० किलोमिटरको यो प्रसारणलाइन सेती करिडोरका जलविद्युत् परियोजनाका लागि महत्वपूर्ण आधार हुनेछ। यस क्षेत्रमा विद्युत् उत्पादन वृद्धि भएसँगै आगामी दिनमा लम्की-बरेली अन्तरदेशीय विद्युत् प्रसारणलाइनमार्फत् विद्युत् व्यापारको बाटो खोल्नेमा आशावादी हुन सकिन्छ।

यसलगायत सडक, विद्युत्, खानेपानी, शिक्षा, सञ्चारप्रविधि जस्ता आधारभूत पूर्वाधार समेतको स्तरोन्नतिले सेती करिडोर सुदूरपश्चिमको विकासमा रूपान्तरणको सम्बाहक हुनेछ। म व्यक्तिगत रूपमा सेती करिडोरको भविष्य अरूण करिडोरमा जस्तै देखिरहेको छु। उक्त बेसिनमा अरूण तेस्रोको कार्यान्वयनसँगै तल्लो र माथिल्लो अरूण जलविद्युत् परियोजना विकासले गति लिएको छ।

**दुवै परियोजनाको सर्वेक्षण अनुमतिपत्र जारी हुने चरणमा रहेको भन्नुभयो। यसपश्चात् दुवै परियोजनाको भावी मार्गचित्र के हुन्छ ?**

पश्चिम सेतीको सर्वेक्षण अनुमतिपत्र जारी गर्ने अन्तिम चरणमा छौं। र, सेती नदी-६ को सन्दर्भमा समझदारीको ६ महिनाभित्र सोही प्रक्रियाबाट अघि बढ्नेछ। एनएचपीसीलाई सर्वेक्षण अनुमतिपत्र जारी भएको तीन महिनाभित्र प्रारम्भिक प्रतिवेदन लगानी बोर्डसमक्ष पेस गर्नुपर्नेछ र सो पश्चात् २१ महिनाभित्र विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययनसमेत पेस भई स्वीकृतिपश्चात् परियोजना विकास सम्झौताको चरणमा प्रवेश गर्नेछ। यसबीचमा, लगानी बोर्डले परियोजना प्रभाव क्षेत्रका बासिन्दा तथा सरोकारवालाको राय तथा परामर्श लिने र प्राप्त राय/सुझावलाई सम्बोधन गर्नका निमित्त परियोजना विकासका विभिन्न चरणमा समावेश गर्दै लैजाने योजना रहेको छ।रासस

# व्यवस्था जोगाउन गठबन्धन कायम

मकवानपुर। सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं १ मा उम्मेदवारी दिनुभएकी नेपाली कांग्रेसकी केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधान जोगाउन लोकतान्त्रिक बाम गठबन्धन कायम राखिएको बताउनुभएको छ।



मंगलबार बिहान हेटौँडामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले भन्नुभयो, "जसले यो संविधान अपनत्व गर्दै हस्ताक्षर गरेको छैन, त्यस्ता शक्तिले लोकतन्त्र बचाउँछ भन्नु भ्रम हो।"

उपाध्यायले आफू पहिलो पटक पूर्वी मकवानपुरको भूगोलमा उम्मेदवार भए पनि पूर्वी मकवानपुरको विकासमा उल्लेख्य बजेट पहिलादेखि नै व्यवस्था गर्दै आएको बताउनुभयो।

त्यस्तै नेपाली कांग्रेसका बागमती प्रदेश सभापति एवं सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नं- २ 'ख' मा उम्मेदवारी दिनुभएका इन्द्रबहादुर बानियाँले संविधान र व्यवस्थाको रक्षाका लागि सत्ता गठबन्धनले जित्नुपर्ने उल्लेख गर्नुभयो।उहाँले मकवानपुरको समग्र विकासका लागि गठबन्धनका उम्मेदवारलाई मत दिन आग्रह गर्नुभयो।

मकवानपुरमा सत्तारुढ गठबन्धन, नेकपा एमाले तथा अन्य राजनीतिक दलका उम्मेदवारले विभिन्न कार्यक्रम आयोजना गरी चुनाव लक्षित गतिविधिलाई तीव्रता दिएका छन्। स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएकाले पनि चुनावी प्रचारप्रसारको कार्य सुरु गरिसकेका छन्।रासस


## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।४।१७**

यस नगरपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**

# शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सोमबार मालीमा राष्ट्रसङ्घीय शान्ति सेनामाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । आक्रमणमा तीन शान्ति सैनिक मारिएका थिए भने तीन जना घाइते भएका थिए ।

परिषद्ले आज एक प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षा परिषद्का सदस्य राष्ट्रले पीडित परिवारका साथै चाडप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन् । साथै उनीहरूले घाइतेको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गरेका छन् ।

परिषद्का सदस्य राष्ट्रले मालीको सङ्क्रमणकालीन सरकारलाई आक्रमणको तुरुन्त अनुसन्धान थाल्न, दोषीलाई न्यायको दायरामा ल्याएर जवाफदेही शासन व्यवस्था प्रवर्द्धन गर्न र सम्बन्धित सेना योगदान गर्ने देशलाईप्रगतिबारे जानकारी दिन आग्रह गरेका छन् ।

शान्ति सेनालाई लक्षित गरी आक्रमण गर्दा अन्तर्राष्ट्रिय कानून अन्तर्गत युद्ध अपराध हुनसक्ने, सबै प्रकारका आतङ्कवाद अन्तरराष्ट्रिय शान्ति-सुरक्षाका लागि सबैभन्दा गम्भीर चुनौती भएकामा जोड दिँदै परिषद्ले मालीको सुरक्षास्थितिबारे पनि चासो एवम् चिन्ता व्यक्त गरेका छन् ।

# गरिबी उन्मूलनका निम्ति तत्काल कदम चाल्न महासचिवको आह्वान

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गरिबी उन्मूलनका निम्ति तत्काल विश्वव्यापी कदम चाल्न आह्वान गर्नुभएको छ ।

अन्तरराष्ट्रिय गरिबी उन्मूलन दिवसका अवसरमा दिनुभएको भिडियो सन्देशमा उहाँलेविश्वका लाखौं जनता कोभिड-१९ का कारण गरिबीतर्फ धकेलिएका, चार वर्षभन्दा बढी समयको मेहनतले प्राप्त प्रगतिलाई पछाडि धकेलेको, असमानताका खाडल अझ फराकिला भएका, राष्ट्रियएवम् घरेलु अर्थतन्त्रमा रोजगारीका अवसर गुमेको, खाद्यान्न र ऊर्जाको मूल्य बढ्दा र विश्वव्यापी मन्दीको छायामा वर्तमान विश्व रूमल्लिएको वास्तविकता प्रस्तुत गर्नुभयो ।



एकै समयमा जलवायु सङ्कट र उग्र द्वन्द्वले ठूलो पीडा निम्त्याइरहेको, सबैभन्दा अधिक पीडा गरिब जनताले भोगिरहेका, विकासोन्मुख देश आर्थिक वृद्धिका निम्ति लगानीका स्रोत र ऋण राहतमा पहुँच बढाउन असमर्थ हुँदादिगो विकास लक्ष्य हासिल गर्न कठिन भएको उहाँले बताउनुभयो ।

महासचिवले स्वास्थ्य र सभ्य काम, लैङ्गिक समानता, सामाजिक सुरक्षा, खाद्य सुरक्षा रशिक्षामा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । रोजगारी सिर्जना गर्ने हरित अर्थतन्त्रमा लगानी बढाउन अपरिहार्य भएको अभिमत पनि उहाँले सन्देशमा व्यक्त गर्नुभएको छ ।

राष्ट्रसङ्घीय महासभाका अध्यक्ष कासाबा कोरोसीले पनि जलवायु परिवर्तन, कोभिड-१९, सबै खाले द्वन्द्वका साथैयुक्रेन युद्धको अन्त्यबाट विश्व शान्ति प्रवर्द्धन तथागरिबी उन्मूलनमा सहयोग पुग्ने बताउनुभयो ।

# ६ संस्करणको राष्ट्रिय खेलकुदमा स्वर्ण जित्दै ताराले रचिन् इतिहास

**टुडे समाचारदाता**

काठमाडु । नेपाल पुलिस क्लबकी तारादेवी पुनले ६ संस्करणको राष्ट्रिय खेलकुदमा स्वर्ण जित्दै इतिहास बनाएकी छिन् । ताराले नवौं राष्ट्रिय खेलकुदअन्तर्गत पोखरामा भइरहेको भारोत्तोलनको ८१ केजी तौल समूहमा तीन राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितिन्।




उनले क्लिन एन्ड जर्कमा १०२ केजी भार बाहन गर्दै राष्ट्रिय कीर्तिमान बनाइन्। यस्तै ताराले स्न्याचमा ७० केजी उचालेर अर्को राष्ट्रिय कीर्तिमान बनाइन्। कुल १७२ केजीका साथ उनले तेस्रो कीर्तिमान बनाइन्।

यसअघि तीन वटै कीर्तिमान लक्ष्मी वनको नाममा थियो। उनले १३औं सागमा स्न्याचमा ६९ केजी, क्लिन एन्ड जर्कमा ८७ केजी र कुलमा १५६ केजी उठाउदै कीर्तिमान बनाएकी थिइन्। तर ताराले कीर्तिमानभन्दा १६ केजी बढी उठाएर कीर्तिमान बनाउन सफल भइन् । यो स्पर्धामा एपिएफकी अन्जली श्रेष्ठले रजत र सुदूरपश्चिमकी चम्पाकुमारी ठकुन्नाले कास्य जिते ।

यसअघि ताराले २०५४ सालमा १६ वर्ष उमेरमा नेपालगञ्जमा भएको चौथो राष्ट्रिय खेलकुदमा भलिबलबाट स्वर्ण जितेकी थिइन्। त्यसपछि भारोत्तोलनमा प्रवेश गरेकी ताराले राष्ट्रिय प्रतियोगिता लगातार स्वर्ण जितिन्।

उनले २०६५ सालमा काठमाडौंमा भएको पाँचौ, २०६८ मा धनगढीमा भएको छैठौं, २०७३ मा विराटनगरमा भएको सातौं र २०७६ मा नेपालगञ्जमा भएको आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण जितेर कीर्तिमान बनाइकी थिइन् ।

# दक्षिण कोरियामा कोभिड-१९ का सङ्क्रमितफेरि बढे

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टाअघिको तुलनामा सोमबार मध्यरातसम्म ३३ हजार दुई सय ४८ कोभिड-१९ नयाँ सङ्क्रमित देखिएका छन् । हाल कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ५१ लाख ६४ हजार छ सय ९५ पुगेको स्वास्थ्य अधिकारीले मङ्गलबार जानकारी दिएका छन् ।

कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)का अनुसार अघिल्लो दिनको तुलनामा ११ हजार ४० बढेको थियो । एक हप्ताअघि १५ हजार चार सय ६६ भन्दाबढी थियो ।

गत हप्ताकोपुष्टि भएका केसको दैनिक औसत सङ्ख्या २४ हजार दुई सय ३६ थियो । नयाँ केसमध्ये, ८७ विदेशबाट आयात भएका छन् । गम्भिर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा एकले घटेर दुई सय ४७ पुगेको छ । यस प्रकोपको कारण थप छ जनाको मृत्युको पुष्टि भएपछि कुल मृतकको सङ्ख्या २८ हजार आठ सय ५६ पुगेको जनाइएको छ । कुल मृत्यु दर ०.११ प्रतिशत रहेको बताइएको छ ।

# विमान दुर्घटनामा परी मृत्यु हुनेको संख्या १३ पुग्यो

**सिन्ह्वा**

मस्का ।रुसी एसयु ३४ लडाकु विमान दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या १३ पुगेको टास समाचार एजेन्सीले सोमबार जनाएको छ ।

आपतकालीन अवस्था मन्त्रालयलाई उद्धृत गर्दै तासले उल्लेख गरेअनुसार उद्धारकर्ताहरूले दुर्घटनास्थलमा थप १० शवहरू फेला पारेका छन् जसमा तीन बालबालिका सहित मृत्यु हुनेको सङ्ख्या १३ पुगेको छ। अन्य १९ घाइतेलाई उपचारका लागि अस्पताल लगिएको छ ।

दुर्घटनाबाट ६८ जनाको उद्धार गरिएको थियो भने ३६० जनालाई सुरक्षित स्थानमा सारिएको थियो ।

यसअघिका रिपोर्टहरूले दक्षिणी सैन्य जिल्लाको एयरफिल्डबाट प्रशिक्षण उडानको क्रममा उचाइ प्राप्त गर्ने क्रममा विमान दुर्घटनाग्रस्त भएको र पाइलटहरू दुर्घटना हुनुअघि सुरक्षित रूपमा बाहिर निस्कन सफल भएका थिए।

चालक दलले उडान भर्ने क्रममा इन्जिनमा आगो लागेको जानकारी दिएका थिए । तासका अनुसार विमानको आगो नजिकैको नौ तले आवासीय भवनमा फैलिएको थियो । दुर्घटनाले १७ वटा अपार्टमेन्टमा क्षति पुर्याथिएको छ । रुसी अधिकारीहरूले दुर्घटनाको कारणबारे अनुसन्धान शुरु गरेका छन् ।

# टी-२० विश्वकप क्रिकेटमा श्रीलंकाको पहिलो जित

एजेन्सी । अष्ट्रेलियामा जारी टी-२० विश्वकप क्रिकेटमा श्रीलंकाले पहिलो जित निकालेको छ। मंगलबार जिलोङमा भएको आफ्नो दोस्रो खेलमा श्रीलंकाले युएईलाई ७९ रनले हराउँदै पहिलो जित निकालेको हो । श्रीलंकाले दिएको १५३ रनको लक्ष्य पछ्याएको युएई १७.१ ओभरमा अलआउट हुँदै ७३ रनमा समेटियो ।



युएईका लागि आयान अफजाल खानले सर्वाधिक १९ रन बनाए। यस्तै जुनाइद सिद्धिकीले १८ रन बनाउँदा चिराग सुरीले १४ रन बनाए। बाँकी कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । युएईलाई सस्तैमा रोक्न श्रीलंकाका दुस्मन्ता चामिरा, वानिन्दु रसरंगाले समान ३-३ विकेट लिए। महेश थिक्सानाले २ विकेट लिए । यसअघि जित्नै पर्ने खेलमा टस हारेर पहिले ब्याटिङ गरेको श्रीलंकाले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १५२ रन बनाएको थियो ।

उसका लागि पथुम निशांकाले सर्वाधिक ७४ रन बनाए। यस्तै धनन्जय डि शिल्भाले ३३ रन बनाउँदा मुशल मेन्डिसले १८ रन बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । श्रीलंकालाई मध्यम स्कोरमा रोक्न युएईका कार्तिक मयप्पनले ह्याट्रिक विकेट लिए ।

खेलको १५ औं ओभरको अन्तिम तीन बलमा लगातार विकेट लिँदै मयप्पनले ह्याट्रिक पुरा गरेका हुन् । उनले १५ औं ओभरको चौथो बलमा भानुका राजपाक्षलाई ५ रनमा आउट गरेका थिए भने पाँचौ बलमा चरिता असलङ्का र अन्तिम बलमा दसुन सनाकालाई शून्यमा आउट गरे । जाहुर खानले २ तथा आयन लाक्रा र आयन अफजाल खानले १-१ विकेट लिए । यसअघि आजै भएको पहिलो खेलमा नेदरल्याण्ड्सले लगातार दोस्रो जित निकालेको छ । जिलोङमामंगलबारभएकोखेलमा नेदरल्याण्ड्सले नामिबियामाथि ५ विकेटको जित निकाल्दै सुपर १२ नजिक पुगेको हो ।

नामिवियाले दिएको १ सय २२ रनको लक्ष्य नेदरल्याण्ड्सले ५ विकेट गुमाएर तीन बल बाँकी छँदै भेटायो । उसको लागि विक्रमजित सिंहले ३९ रन बनाउँदा म्याक्स ओडोडले ३५ रन जोडे। यस्तै बास डे लिडेले ३० रन बनाएका थिए । नामिवियाका जेजे स्मिथले दुई विकेट लिँदा बर्नार्ड स्कोल्ड्च र जान प्रायलिङ्कले १-१ विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको नामिवियाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १२१ रन बनाएको थियो। उसका लागि जान फ्राइलिंकको सर्वाधिक ४३ रन बनाएका थिए । मिचेल भान लिङ्गेनले २० रन जोड्दा कप्तान गेरहार्ड इरासमसले १६ रन बनाएका थिए । पहिलो खेलमा नामिबियाले श्रीलंकालाई र नेदरल्याण्ड्सले यूएईलाई हराएका थिए ।

समूह ए मा दुई खेलमा चार अंकसहित नेदरल्याण्ड्स शीर्ष स्थानमा छ। नामिविया दोस्रो र श्रीलंका तेस्रो स्थानमा छन्। युएईले २ खेलबाट कुनै पनि अंक जोड्न सकेको छैन । यो समूहबाट शीर्ष २ टोली सुपर १२ मा प्रवेश गर्नेछ। सबै टोलीले अब १-१ खेल खेल्न बाँकी छ।

# इबोला फैलिन नदिन उच्च सतर्कता

**सिन्ह्वा**

कम्पाला । युगान्डाको राजधानी कम्पालामा इबोला भाइरसको सङ्क्रमण फैलिन सक्ने भाइरसको सङ्क्रमण र फैलावटको अधिक सम्भावना रहेको भन्दै यस सहरमा उच्च सतर्कता अपनाइएको बताउनुभएको हो । देखिएको थियो ।



खतरा धैरै रहेकाले यहाँ उच्च सतर्कता अपनाइएको छ ।

यहाँका राष्ट्रपति योवेरी मुसेवेनीले कम्पालामा यो त्यसैले सो सङ्क्रमण यहाँ नआओस भनेर सतर्कता अपनाइएको उहाँले बताउनुभएको छ ।

उहाँले ट्वीट गरेर सो कुराको जानकारी दिनुभएको हो । सोमबार युगान्डाको मुबेन्डेमा दुई जनामा यो भाइरसको सङ्क्रमण

मुबेन्डे यसअघि इबोलाको सङ्क्रमण निकै धेरै भएको नगर हो । युगान्डामा इबोला सोही सहरबाट फैलिएको थियो ।

त्यसैले अहिले पनि यहाँ उक्त भाइरसको सङ्क्रमण देखिएकाले अहिलेदेखि नै उच्च सतर्कता अपनाइएको र यहाँ सो भाइरसको सङ्क्रमण हुन नदिन आवश्यक पूर्वतयारी र मापदण्ड अपनाइएको उहाँले सो ट्वीटमा भन्नुभएको छ ।

यही अक्टोबर १५ सम्मको युगान्डाको तथ्याङ्कअनुसार यहाँ ५८ जनामा इबोलाको सङ्क्रमण देखिएको थियो र तीमध्ये १९ जनाको मृत्यु भएको थियो । त्यस्तै २० जना सङ्क्रमित निको भएर घर फर्किएका थिए ।

गत सेप्टेम्बर २० मा यहाँ मुबेन्डेमा पहिलो पटक इबोलाको सङ्क्रमण देखिएको थियो । केही वर्षअघि अफ्रिकामा देखिएको यो सङ्क्रमण घातक रहेको छ । यस सङ्क्रमणबाट अफ्रिकी देशमा हजारौं मानिसको ज्यान लिइसकेको छ ।

# इथियोपियामा हिंसा रोक्न महासचिवको आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले इथियोपियामा हिंसा बन्द गर्न आग्रह गर्नुभएको छ । उहाँले इथियोपियाको टिगरे क्षेत्रमा अहिले पनि हिंसा जारी रहेकाले हिंसा रोक्नुपर्ने र सो क्षेत्रमा इरिट्र्याका सेना रहेकाले ती सेना पनि फर्किनुपर्ने बताउनुभएको हो ।

यहाँ हिंसा र ध्वंसले उग्र रुप लिइसकेको र यहाँ धनजनको ठूलो क्षति पनि भइरहेकोले अब हत्या हिंसा रोकेर यहाँका नागरिकका बीचमा शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान खोज्नुपर्ने महासचिव गुटेरसले बताउनुभएको हो ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा सम्वाददातासँग उहाँले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ, इथियोपियामा हिंसा बढी भयो । यहाँ हिंसा तथा विध्वंस गरेर कसैले पनि केही प्राप्त गर्न सक्दैनन्, यो बाटोबाट कसैको समस्या पनि समाधान हुँदैन । अब हिंसा रोक्नुपर्छ र शान्तिपूर्ण माध्यमबाट अघि बढ्नुपर्छ ।

संयुक्त राष्ट्रसङ्घले शान्तिपूर्ण माध्यमबाट इथियोपियाको समस्याको समाधान खोजेको पनि महासचिव गुटेरसले बताउनुभएको थियो । उहाँले टिगरेको निकास सैनिक बलबाट नभएको र यसको राजनीतिक समाधान खोज्नुपर्छ भन्नेमा संयुक्त राष्ट्रसङ्घ रहेको पनि बताउनुभयो । उहाँले इथियोपियाको हिंसा




रोकेर त्यहाँको समस्याको शान्तिपूर्ण समाधानका लागि अफ्रिकी युनियनलाई आग्रह पनि गर्नुभयो ।

उहाँले सम्वाददातासँगको कुराकानीका क्रममा भन्नुभयो, संयुक्त राष्ट्रसङ्घले अफ्रिकी युनियनलाई जे जस्तो आवश्यक पर्छ त्यो सहयोग गर्न तयार छ, यो समस्याको शान्तिपूर्ण तरिकाबाट वार्ता गरेर समाधान खोजोस् । त्यहाँ हिंसाका कारण कैयौं मानिसको ज्यान गएको छ भने भौतिक सम्पत्तिमा पनि क्षति पुगेको छ । इथियोपियाको टिगरे क्षेत्रमा जारी रहेको हिंसाकाकारण अहिले पनि कम्तीमा १३ मिलियन नागरिकलाई मानवीय सहयताको खाँचो रहेको छ ।

# सुरक्षा कारबाहीमा पाँच जना लडाकूमारिए

**सिन्ह्वा**

कुन्दुज । अफगानिस्तानको उत्तरी कुन्दुज प्रान्तमा आइएस वा इस्लामिक स्टेट्स (आईएस) सङ्गठनका सदस्य लुकेको ठाउँलाई लक्षित गरी शुरु गरेको कारबाहीको क्रममा पाँच विद्रोहीको मृत्यु भएको प्रान्तीय प्रहरी प्रवक्ता अबिदुल्लाह अबिदीले बताउनु भएको छ ।

आतङ्ककारी लुक्ने ठाउँमा आज बिहान आक्रमण गर्दा पाँच जनाको घटनास्थलमा नै मृत्यु भएको अबिदीले पत्रकारलाई बताउनु भएको हो ।

सुरक्षाबलले गरेको कारबाहीमा सशस्त्र विद्रोही बनाएका दुष्ट योजनालाई विफल भएको बताइएको छ । गत वर्ष केही घातक बम विस्फोटको जिम्मेवारी लिएका कट्टरपन्थी इस्लामिक स्टेट्स सङ्गठनले अहिलेसम्म कुनै टिप्पणी गरेको छैन ।

# टर्किएको क्यापाडोसियामा हट एयर बलुन दुर्घटनामा दुई स्पेनी पर्यटकको मृत्यु, तीन घाइते



**सिन्ह्वा**

अङ्कारा । टर्कीको लोकप्रिय पर्यटकीय गन्तव्य क्यापाडोसियामा मङ्गलबार तातो हावायुक्त बलुन दुर्घटना हुँदा दुई स्पेनी पर्यटकको मृत्यु हुनाका साथै अन्य तीन जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

एक निजी कम्पनीको बलुन नेभसेहिर प्रान्तको एभानोस जिल्लाको जेल्भ भग्नावशेषबाट उडेको र अप्रत्याशित गतिमा आएको हावाका कारण किलिक क्षेत्रमा आकस्मिक अवतरण गरेको प्रान्तीय कार्यालयले जनाएको छ ।

बलुनमा कुल २८ यात्रु र दुईजना चालक दलका सदस्य सवार थिए । प्रारम्भिक जानकारी अनुसार दुर्घटनाको कारण हावाको गतिमा अप्रत्याशित वृद्धि भएको विज्ञप्तिमा उल्लेख छ । प्राकृतिक चट्टान संरचनायुक्त उपत्यका, भूमिगत बस्तीहरू, गुफा होटलहरू एवं ऐतिहासिक गुम्बाहरू भएको क्यापाडोसिया तातो हावायुक्त बलुन सवारीहरूको लागि परिचित छ ।

यो यस्ता प्रसिद्ध विश्वभरका गन्तव्यहरू मध्ये एक हो । यहाँ आगन्तुकहरूले उचित मौसमका कारणले लगभग वर्षैभरि बलुन सवारीको आनन्द लिन सक्छन् ।

# नाइजेरिया गिर्जाघरमा दुई जना मारिए

**सिन्ह्वा**

अबुजा । नाइजेरियाको मध्यक्षेत्रमा रहेको एक चर्चमा भएको आक्रमणमा परी दुई जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएका नाइजेरियाली प्रहरीले सोमबार जनाएको छ ।

घटना आइतबार अबेर राति भएको हो । अज्ञात बन्दुकधारीको समूहले केन्द्रीय राज्य कोगीको फेले क्षेत्रको सेलेस्टियल चर्च अफ क्राइस्टमा एक कार्यक्रममा भाग लिइरहेका उपासकलाई अन्धाधुन्ध गोली प्रहार गरेको प्रान्तीय राजधानी लोकोजामा राज्यका प्रहरी प्रवक्ता विलियम ओभिए-आयाले बताउनु भएको छ ।

दुई महिला उपासक पहिले नै मारिएका र अन्य धेरै घाइते भएका जनाइएको छ । प्रहरी पुगेपछि बन्दुकधारी फरार भएका थिए । आक्रमणकारीको खोजी भइरहेको र मृतकलाई शव गृहमा राखिएको र घाइतेको नजिकैको अस्पतालमा उपचार भइरहेको प्रहरी अधिकारीले बताएका छन् । अहिलेसम्म आक्रमणकारी पक्राउ परेको घोषणा गरिएको छैन ।

## जुम्लामा ग्यास र पेट्रोलियम पदार्थ अभाव


जुम्ला । अविरल वर्षाले कर्णाली राजमार्ग अवरुद्ध हुँदा जुम्लामा ग्यास र पेट्रोलियम पदार्थमा अभाव हुन थालेको छ ।

बजारमा अहिले ग्यास र पेट्रोलियम पदार्थ पर्याप्त मात्रमा नहुँदा उपभोक्तालाई पाउन गाह्रो भएको छ । कर्णाली राजमार्ग अवरुद्ध हुँदा पेट्रोलियम पदार्थको समस्या देखिएको सहायक प्रमुख जिल्ला अधिकारी प्रमिला रिजालले बताउनुभयो । बजार अनुगमनका क्रममा जिल्ला सदरमुकाममा पेट्रोलियम पदार्थको अभाव भएको पाइएको छ ।

महिनौँ दिनसम्म कर्णाली राजमार्ग नखुल्ने हल्ला चलेका हुनाले बजारमा कालोबजारी भएको जनगुनासो आएपछि चन्दननाथ नगरपालिका जुम्लाका उपप्रमुख रामदेवी खड्का र सहायक प्रमुख जिल्ला अधिकारी रिजालको अगुवाइमा बजार अनुगमन गरिएको हो । खाद्यान्न र पेट्रोलियम पदार्थ बेच्ने पसलको अनुगमन गरिएको छ । अनुमगनका क्रममा झण्डै दुई महिना पुग्ने खाद्यान्न र खाने तेल बजारमा मौज्दात रहेको सहायक प्रजिअ रिजालले बताउनुभयो ।

दशवटा पसलको अनुगमन गर्दा पेट्रोलियम पदार्थबाहेक दैनिक उपभोग्य वस्तुमा समस्या नहुने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । छिटोभन्दा छिटो अवरुद्ध राजमार्ग खुलाउनका लागिपरेको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ ।रासस

# अण्डा उत्पादक व्यवसायी पलायन हुने अवस्थामा



चितवन । बजार अस्थिर भएपछि अण्डा उत्पादन गर्ने ठूला व्यावसायिक फार्मका सञ्चालकले बजार व्यवस्थित गर्न अग्रसरता देखाएका छन् । अण्डाको उपभोग बढाउँदै व्यवसायी र उपभोक्ताको हितमा काम गर्ने गरी उनीहरूले अग्रसरता देखाएका हुन् ।

आत्मनिर्भर रहेको अण्डा बजारमा उतारचढाव आउँदा एकातिर किसान मारमा परेका छन् भने अर्कोतर्फ उपभोक्ताले सुलभ मूल्यमा अण्डा उपभोग गर्न पाएका छैनन् । सुलभ मूल्यमा पाइने प्रोटिनको राम्रो स्रोत अण्डाका बारेमा जनचेतना जागृत गराउन नसक्दा उपभोग बढ्न सकेको छैन । अण्डा बजारका यावत समस्या समाधान गर्न ठूला व्यवसायीले समिति नै निर्माण गरेर काम सुरु गरेका हन् । उनीहरूले ३० हजारभन्दा बढी अण्डा उत्पादन गर्ने लेयर्स कुखुरापालक फार्म सङ्गठित भएर 'नेपाल लेयर्स कुखुरापालक सङ्घ' गठन गरेका हुन् ।

लेयर्स कुखुराका लागि आवश्यक पर्ने दानाको मूल्य अत्यधिक वृद्धि, बैंकको ब्याजदर वृद्धि र लागत मूल्य नपाउँदा अधिकांश व्यवसायी धरासायी अवस्थामा पुगेका छन् । कतिपयको बैंकमा ब्याज तिर्न नसक्दा सम्पत्ति लिलामीको चरणमा समेत पुगेको छ । नवगठित सङ्घका अध्यक्ष विनोद पोखरेल अस्थिर बजारका कारण अधिकांश व्यवसायी पलायन हुने अवस्थामा पुगेको जानकारी दिनुभयो । नवलपरासीमा चार लाख लेयर्स कुखुरा पाल्दै आउनुभएका दाउन्ने कर्पोरेशनका कार्यकारी निर्देशकसमेत रहनुभएका उहाँले समयमै ध्यान दिन नसकेमा नेपाल पोल्ट्रीमा आत्मनिर्भरबाट परनिर्भर हुनुपर्ने अवस्था आउने बताउनुभयो ।

दैनिक दुई लाख ३१ हजार अण्डा उत्पादन र एक लाख ३० हजार सङ्कलन गरेर बजार पठाउँदै आएको जनाउँदै उहाँले अहिलेको लागत मूल्यमा अण्डा बिक्री गर्न नपाउँदा दैनिक नोक्सान व्यहोर्नुपरेको बताउनुभयो । सङ्घले छरिएर रहेका व्यवसायीलाई सङ्गठित गरेर मूल्यमा एकरुपता ल्याउने, बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गर्ने, दानाको मूल्य घटाउन सरकारसँग पहल गर्ने र अण्डाको खपत बढाउने कुरामा लाग्ने उहाँको भनाइ छ ।

बैंकको चर्को ब्याजदरलाई घटाउनका लागि पहल गर्ने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अब हामीले समयमै पहलकदमी गरेनौँ भने हामी व्यवसायी विस्थापितमात्रै होइन, देश आत्मनिर्भरबाट हट्छ ।" एक प्रतिशत भन्सार मूल्य तिर्दै आएको भटमास पिनाको भन्सार मूल्य नौ प्रतिशत हुँदा लागत मूल्य बढेको उहाँको भनाइ छ ।

सङ्घका संरक्षक एवं नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट हाल अण्डाको ८० प्रतिशत उत्पादन गर्ने व्यवसायी सङ्घमा रहेको जनाउँदै लागत मूल्य घटाएर उत्पादन बढाइ बजारीकरण गर्न सङ्घ लाग्ने बताउनुभयो । महासङ्घसँग सहकार्य गरेर खपत बढाउने काममा लाग्नुपर्ने उहाँको भनाइ छ । व्यवसायीहरूबीचको अस्वस्थ प्रतिस्पर्धाले बजार धरासायी भएको जनाउँदै उहाँले सङ्गठित भएर व्यवसाय बचाउनुपर्नेमा जोड दिनुभयो ।

सङ्घका महासचिव शोभाकान्त ढकाल करिब-करिब यो व्यवसाय समाप्त हुने अवस्थामा पुगेपछि सङ्गठित भएको बताउनुहुन्छ । स्याङ्जा जिल्लामा खिलुङ कालिका फार्ममा दुई लाख ५० हजार कुखुरा पाल्दै आउनुभएका ढकालले दैनिक एक लाख ७० हजार अण्डा बजारमा बिक्री गर्दै आउनुभएको छ ।

उहाँको भनाइमा अहिले अण्डामा लागत मूल्य प्रतिगोटा रु १५ छ भने बिक्री मूल्य रु १० मात्रै छ । एउटै अण्डामा रु पाँचदेखि छसम्म नोक्सान व्यहोर्दा व्यवसायी विस्थापित हुने अवस्थामा पुगेको उहाँ गुनासो गर्नुहुन्छ । दानाको कच्चा पदार्थको मूल्य र बैंकको ब्याज घटाउन नसकेमा व्यवसायी नटिक्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सरकारले व्यवसायीको मर्का बुझेको छैन । हामी आफैँ सङ्गठित भएर समस्या समाधानतर्फ लागेका छौँ ।"

बिजु ग्रुपबाट सञ्चालित दुम्किबास पोल्ट्री फार्मका अप्रेशनल म्यानेजर एवं सङ्घका सदस्य सञ्जिव खनाल अण्डाको लागत मूल्यभन्दा अण्डाको बिक्री मूल्य कम भएपछि बजारलाई व्यवस्थित गर्न सङ्गठित हुनुपरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "१५ वर्षअघिको अण्डाको मूल्य अहिले पनि उही छ, लागत मूल्य धेरै बढिसक्यो ।" ७८ प्रतिशत अण्डाको लागत दानामा निर्भर हुने भन्दै उहाँले यसको मुख्य कच्चा पदार्थ मकै र भटमासको पिनामा लगाइएको भन्सारका कारण दानाको मूल्य आकाशिएको बताउनुभयो । गएको एक वर्षयता लगातारुपमा नोक्सान व्यहोरिरहनुपरेको उहाँको भनाइ थियो । हाल चार लाख लेयर्स कुखुराबाट दैनिक दुई लाख १० हजार अण्डा उत्पादन गरिरहेको छ ।

ठूला व्यवसायी सङ्गठित भएर लाग्नुपर्ने अवस्था आएको सङ्घका सचिव मदन पोखरेल बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अब व्यवसायी र सरकार सहकार्य गर्न नसके नेपालको पोल्ट्री व्यवसाय समाप्त हुन्छ ।" नेपालको पोल्ट्री व्यवसायमा रु एक खर्ब ५० अर्ब लगानी रहेको छ । यसको झण्डै आधा लेयर्स कुखुरापालनमा रहेको छ । अहिले दैनिक ४५ लाख हाराहारी अण्डा उत्पादन हुँदै आएको छ ।रासस

# कोदोखेतीमा गबारोको समस्या, कृषक चिन्तित



पर्वत । पर्वतका विभिन्न क्षेत्रमा लगाइएको कोदो खेतीमा गबारो किराको समस्या देखिएको छ । जिल्लाका उच्च पहाडी र लेकाली क्षेत्रमा गरिएको कोदो खेतीमा गवारो रोगको समस्या बढेपछि कृषक चिन्तित बनेका छन् ।

जिल्लाको दुर्लुङ, चित्रे, क्याङ, राम्जा, फलामखानी, लुङ्खुदेउराली, शालिजा, बाँसखर्कलगायतका क्षेत्रमा लगाइएको कोदोखेतीमा पहेँलो हुने, बाला नलाग्ने र विस्तारै बोट मर्ने समस्या देखिएको हो । धेरै गर्मी हुने बेँसीमा भन्दा केही चिसो हुने लेक क्षेत्रमा लगाइएको कोदोको गवारे किराको प्रभाव परेको देखिएको तथा विगतमा भन्दा यो वर्ष झनै क्षति भएको कृषि ज्ञान केन्द्र पर्वतकी प्रमुख वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो ।

"पछिल्ला दुई-तीन वर्षयता गवारो किराको प्रकोप देखिएकामा अहिले झनै क्षति भएको भनेर लेक क्षेत्रका कृषकले गुनासो गर्नुभएको छ । यसले पर्वतमा हुने कोदोको उत्पादनमा ह्रास ल्याउने भयो", उहाँले भन्नुभयो, "कोदो पसाउने बेलामा बिरुवाको काण्डमा गवारोले छेड्छ । त्यसको असरले पसाउन पाउँदैन । विस्तारै बोट पहेँलो हुँदै मर्छ ।"

कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत नारायण शर्माले कृषकको धेरै गुनासो आएपछि जिल्लाको मोदी गाउँपालिकाको क्याङमा 'बाली उपचार शिविर' राखेर त्यसको प्रभाव कम गर्ने प्रयास गरिएको बताउनुभयो । त्यहाँका ३५ कृषकले ल्याएको बिरुवा परीक्षण गर्दा ५० प्रतिशतमा गवारोको समस्या देखिएको र त्यस बाहेक पातमा लाग्ने थोप्ले रोग र मरुवाको पनि प्रकोप रहेको पाइएको उहाँको भनाइ छ ।

"हामीले बाली उपचार शिविर नै राखेर प्रकोपको बारेमा खोजेका थियौँ । तर अबको उपचारले त्यो प्रकोप नियन्त्रणमा आउने अवस्था छैन । त्यही पनि हामीले तत्काल गर्न सकिने प्रयास भने गरेका छौँ", उहाँले भन्नुभयो, "प्रकोप देखिएका अन्य ठाउँमा पनि कृषि प्राविधिकहरू पुगेर तत्काल गर्न सकिने प्रयास त गर्नुभएको छ । सकेसम्म कम क्षति होस् भन्नेमा लागिरहेका छौँ ।"

ज्ञान केन्द्र प्रमुख थापाले गवारोको प्रकोप बढ्नुको कारण जलवायु परिवर्तनसँगै बारीमा गरिने सरसफाइको अभाव भएको बताउनुभयो । जलवायु परिवर्तनले बालीका मित्र जीवलाई भन्दा शत्रु जीवलाई उपयुक्त हुने वातावरणको विकास भएकाले हरेक बालीमा फरक-फरक समस्या देखिएको उहाँको भनाइ छ ।

बारीका कान्ला वा कोदो रोपिएकै ठाउँमा पनि सरसफाइको आवश्यकता हुन्छ । तर कान्लाभरि झाडी छ, बारीका पाटा पनि सफा नहुँदा रोगको जीवाणुले आश्रय पाइरहेका छन् ।

गवारो किराको समस्या नियन्त्रण गर्ने विषादी कडा हुने र त्यसको प्रभाव लामो समय रहने भएका कारण अन्तिम अवस्थामा विषादीको प्रयोग नगर्न कृषकलाई कृषि ज्ञान केन्द्रले सुझाव दिएको छ ।

विषादीको 'वेटिङ' समय लामो हुँदा बाली भित्र्याएपछि पनि अन्न र नल (बाला काटिएको कोदोको बोट) मा पनि विषादी कायमै रहन्छ । त्यस्तो अन्न र नल मानिस वा पशु दुवैलाई विषाक्त हुने भएकाले यो वर्ष विषादीको प्रयोग नगरिएको हो । तर आगामी वर्षमा भने कोदो गोड्दासाथ विषादी प्रयोग गरेर समस्या हल गर्न कृषकलाई सुझाइएको छ ।

ज्ञान केन्द्रका अनुसार जिल्लामा आठ हजार तीन सय ५० हेक्टर क्षेत्रफलमा कोदोखेती हुने गरेको छ । यसबाट करिब ११ हजार एक सय ८९ मेट्रिक टन कोदो उत्पादन हुन्छ । सात हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । गवारो किराको प्रकोपकै कारण यस वर्ष कोदो उत्पादन गिरावट आउने भएको छ ।रासस

# वायुसेवा निगमले तिऱ्यो कोषलाई ७३ करोड




काठमाण्डु । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु ७३ करोडभन्दा बढी भुक्तानी गरेको छ । निगमले जहाज खरिद बापत दुई कोषलाई तिर्नुपर्ने ऋण दायित्वको भुक्तानी अन्तर्गत पछिल्लो पटक असोज ३१ गते रु ७३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको निगमका सह-प्रवक्ता गणेशकुमार घिमिरेले जानकारी दिनुभयो ।

निगमका अनुसार कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिदका निम्ति ऋण लिएकोमा कर्मचारी सञ्चय कोषको हकमा न्यारोवडी जहाज खरिदको सावाँ र ब्याज वापतको रु.५३ करोड नौ लाख ५५ हजार २८१ भुक्तानी गरिएको छ । त्यसैगरी, नागरिक लगानी कोषको हकमा पनि बाइडबडी जहाज खरिद गर्दाको ऋण दायित्वको किस्ता वापतको रु २० करोड किस्ता बापतको रकम भुक्तानी गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निगमले यसअघि गत आसार ३० गते दुबै कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु एक अर्ब ३५ करोड भुक्तानी गरिएको जनाएको छ । पछिल्ला दिनमा नियमित उडान, अकुपेन्सी दरमा सुधार आई आम्दानीमा वृद्धि भएको निगमले नियमितरूपमा ऋण दायित्वको भुक्तानी गर्न सफल भएको सह-प्रवक्ता घिमिरेले बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय उडानका चारवटै जहाज पूर्णक्षमतामा नियमित उडान भइरहेकाले निगमको आम्दानीमा सुधार आएको बताउनुभयो । निगमले वाइड बडी ए-३३० र न्यारोबडी ए-३२० जहाज खरिदका दुबै चरणमा गरेर करिब रु ३७ अर्ब ऋण लिएको थियो । सावा र ब्याज बढेर भुक्तानी दायित्व झण्डै ४५ अर्ब पुगेको बताइन्छ ।रासस


प्रदेश सरकार
मधेश प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
माटो तथा मल परीक्षण प्रयोगशाला
राजविराज, सप्तरी (नेपाल)

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०६/०२**

माटो तथा मल परीक्षण प्रयोगशाला सप्तरीमा आ.व. २०७९/०८० मा कामकाज गर्नका लागि तपसिल बमोजिमको कर्मचारी आवश्यक भएको हुँदा करार सेवामा पदपूर्तिको लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तोकिएका फारम अनुसार दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | सेवा | माग पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७९/०८० | मल विश्लेष्क | कृषि | ०१ | लिखित र अन्तर्वार्ता | |

१. **आवश्यक न्युनतम योग्यता**ः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा स्नातकोतर गरि कम्तीमा १० वर्ष सम्बन्धित कार्यक्षेत्रमा काम गरेको कार्य अनुभव भएको हुनुको साथै रसायनिक मल नियन्त्रक आदेश २०५५ को दफा २४ को उपदफा १ को प्रयोजनको लागी रसायनिक मल अधिकारिक विश्लेष्क तोकिएको हुनु पर्ने ।
२. **दरखास्तसाथ पेशगर्नु पर्ने न्यून्तम कागजात र विवरण**ः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुः
   क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
   ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपिहरु ।
   ग) दरखास्तको लागि लोकसेवामा अधारित फारम भरि पेश गर्नुपर्ने छ ।
३. पारीश्रमिक आपसी सम्झौता अनुसार विनियोजित बजेटको परिधि भित्र ।
४. आवेदन दस्तुर रु. ५०० (पाचँ सय) बैंकमा जम्मा गरेको सक्कलै बैंक भोचर ।
५. सम्पर्क मिति : २०७९/०७/१७ गते

| बैंकको नाम | बैंक खाता नं. | कार्यालय कोड | कार्यालयको नाम | राजश्व शीर्षक नं. | वापत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक, सप्तरी शाखा | १०००२०००१०००० | ३१२०११५०२२ | माटो तथा मल परिक्षण प्रयोगशाला सप्तरी | १४२२४ | परीक्षा दस्तुर | |

**नि. कार्यालय प्रमुख**



**Invitation for Sealed Quotations**

**Government of Madhesh Province**

**Ministry of Social Development**

**Social Development Unit, Janakpurdham, Dhanusha**

**Second Date of publication: 2079/07/02**

1. The Social Development Unit, Janakpurdham, Dhanusha invites sealed quotations for the construction of open Gym with equipment Set.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Social Development Unit, Janakpurdham, Dhanusha. Telephoneno.041530713
3. A complete set of Bidding Documents may be purchased from the office Social Development Unit, Janakpurdham, Dhanusha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/07/16 during office hours.
4. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account
   **Name of the Bank:** Ra.Ba.Bank
   **Name of Office:** Social Development Unit, Janakpur, Dhanusha
   **Office Code no.:** 3500017062 **Office Account no.:** 1000100200010000
   **Rajaswa (revenue) Shirshak no.:** 14229
5. Sealed bids must be submitted to the office Social Development Unit, Janakpurdham, Dhanusha by hand on or before 12:00 noon on 2079/07/17. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 P.M.on 2079/07/17 and at the office of Social Development Unit, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs 35000, which shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
   **Note:-** As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. The list of works is given below

| S.N. | Contract No. | Description of works | Estimated Amount without VAT, NRs. | Bid Security Amount NRs. | Price of bid, NRs. |
|---|---|---|---|---|---|
| 1 | SDU/SQ/079/80/01 | Construction of open Gym with equipment set at Jaleshwor Hospital, Mahottari | 12,66,698.32 | 35000.00 | 1000.00 |
| 2 | SDU/SQ/079/80/02 | Construction of open Gym with equipment set at District Aayurved health center Jaleshwor, Mahottari | 12,66,698.32 | 35000.00 | 1000.00 |
| 3 | SDU/SQ/079/80/03 | Construction of open Gym with equipment set at Janakpur Aayurved Hospital, Dhanusha | 12,64,071.42 | 35000.00 | 1000.00 |
| 4 | SDU/SQ/079/80/04 | Construction of open Gym with equipment set at Janakpur Province Hospital, Dhanusha | 12,64,071.42 | 35000.00 | 1000.00 |

**Unit Chief**

# वागीले निर्देशन नमानेपछि धमाधम कारवाही

**कमलेश ठाकुर**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) सर्लाहीका समन्वय समितिले तीन जना केन्द्रीय सदस्यसहित चार जनालाई सधारण सदस्यसमेत नरहेने गरी कारवाही गरेको छ ।

उम्मेदवारी दर्ताको एक सातापछि जसपाबाट बागी भएर उम्मेदवारी दिएका केन्द्रीय कार्यकारिणी सदस्य राम नरेश राय, केन्द्रीय सदस्य गायत्री देवी साह, राजेश कुमार यादव र मधेश प्रदेश समिति सदस्य गंगा लामालाई कारवाही गरिएको छ ।

उनीहरुले पार्टीको निर्देशन नटेरेपछि कारवाही गरिएको छ । पार्टीको अनुशासन विपरीत गएको भन्दै कारवाही गरिएको जिल्ला अध्यक्ष वीरेन्द्र कुमार रायले बताए । 'पहिले पार्टीले उनीहरुलाई उम्मेदवारी फिर्ता लिन आग्रह गरेको थियो, नमानेपछि स्पष्टीकरण पनि सोधिएको थियो,'उनले भने, ' त्यसको जवाफ न आएपछि र पार्टीको निर्देशन नमानेपछि कारवाही गरिएको छ ।'

कारवाहीमा परेका रामनरेश राय ०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट निर्वाचित भएका थिए । पछि जसपाबाट अल्गिएर महन्त ठाकुरको नेतृत्वमा लोसपा बन्दा उनी जसपा नै रोजे । त्यतिबेला उनी मधेश प्रदेशमा उद्योग, पर्यटन तथा वन तथा वातावरण मन्त्रीसमेत थिए । जसपा नै रोज्दा केही दिन उनको मन्त्री पद पनि जोगिएको थियो । तर पछि सरकारमा अन्य दललाई सहभागी गराउँदा उनलाई पदमुक्त गरिएको थियो । उनले राजिनामा दिन मानेका थिएनन् । त्यतिबेलादेखि नै पार्टीमा उनको असंतुष्टि देखिएको थियो ।

आसन्न निर्वाचनमा पनि गठबन्धनका कारण पार्टीबाट उनी उम्मेदवार बन्न पाएनन् । त्यसपछि उनले सर्लाही क्षेत्र नम्बर २ को (क)बाट स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गराइ प्रचार-प्रसारमा व्यस्त भए । यो क्षेत्रमा नेकपा एमाले र जसपाबीच चुनावी तालमेल भएको छ । उनले बागी भएर स्वतन्त्र उम्मेदवारी दिएको सीट एमालेको भागमा परेको छ । यहाँ एमालेले राजनारायण यादवलाई उम्मेदवार बनाएको छ । उनी एमाले जिल्ला अध्यक्षसमेत छन् ।

सर्लाहीमा जसपाले कारवाही गरेका चारै जनाले बागी भएर उम्मेदवारी दिएका छन् । गायत्री देवी साहले क्षेत्र नम्बर ३ को (ख), राजेश कुमार यादव क्षेत्र नं. २ (ख) र गंगा लामाले क्षेत्र नं. ३ (क) बाट प्रदेश सभा सदस्यमा उम्मेदवारी दिएका छन् । यी क्षेत्रमा जसपा-एमालेबीच तालमेल भएको छ । सोमबार नै महोत्तरीमा पनि जसपाले केन्द्रीय सदस्य कृष्ण शंकर साहलाई कारवाही गरेको छ । उनी माथि पार्टीको नेतृत्वमाथि दुर्व्यवहार गरेको आरोप छ ।

यस्तै, गत असोज २६ गते पर्सा जिल्ला समितिले पनि सात जनालाई कारवाही गरेका थिए । पार्टीले केन्द्रीय सदस्य करिमा वेगम, प्रदेश समिति सदस्य जन्नत अन्सारी, गौरी शंकर साह, प्रदेश परिषद् सदस्य शिवकुमार साह, युवा नेता कुमार द्विवेदी, रुपेशमान सिंह र प्रमोद जयसवाललाई कारवाही गरेको थियो । उनीहरु मध्ये पाँच जना बागी भएर उम्मेदवारी दिएका छन् । वेगमले पर्सा क्षेत्र नम्बर २ (ख), अन्सारीले क्षेत्र नं १ (क), द्विवेदी र सिंहले पनि क्षेत्र नं २ (ख), जयसवालले क्षेत्र नं ३ (क) बाट उमेदवारी दिएका छन् । नेपाल सुशासन पार्टीमा गइ शिवकुमार र गौरीशंकर साहले क्रमशः क्षेत्र नं ३ (क) र ३ (ख) बाट उम्मेदवारी दिएका छन् ।

जसपाबाट कारवाहीमा परेका यी प्रतिनिधिमूलक पात्र मात्र हुन् । अन्य जिल्लामा पनि बागी भएर उम्मेदवारी दिएकालाई कारवाही गरिएको छ । मधेश प्रदेश समितिका सचिव दिनेश यादवका अनुसार सबै जिल्लाबाट विवरण आउने क्रममा जारी रहेको बताए ।

'पार्टीबाट राजिनामा दिइसकेका वा अन्य पार्टी प्रवेश गरेकालाई कारवाही गर्ने कुरै भएन्, उनीहरुको चेपटर क्लोज भइसक्यो,'उनले भने,' जसले पार्टीमा भएर पनि आफ्नै वा तालमेल गरिएको दलका उम्मेदवार विरुद्ध लागेको छ त्यस्तोलाई कारवाही गर्दैछौं । १२ जनालाई कारवाही गरिसकेका छौं । त्यस्ता अन्य नेता पनि पाइपलाइनमा छन् । कतिपयले उम्मेदवारी फिर्ता लिने तयारी पनि गरिरहेका छन् ।'

# सभामुखदेखि समितिका सभापतिले अझै फिर्ता गरेनन् गाडी

**बाला खुद्दार**




जनकपुरधाम । मधेश प्रदेश सभाबाट सुविधामा लिएका गाडी अहिलेसम्म प्रदेशका सभामुखदेखि दलका नेता, प्रमुख सचेतक तथा संसदीय समितिका सभापतिहरुले अझै फिर्ता गरेका छैनन् ।

एक असोजमै दलका नेता, प्रमुख सचेतक तथा संसदीय समितिको कार्यकाल सकिए पनि उनीहरुले अझै सुविधामा पाएका गाडी मै आफ्ना चुनावी प्रचार प्रसार गरिरहेका छन् । प्रदेश सभामुख र उपसभामुखको कार्यकाल पनि असोज २२ गते नै सकिएको छ ।

सभामुख, उपसभामुख बाहेक दलका नेता, प्रमुख सचेतक र संसदीय समितिका सभापति गरी १४ जनाले मधेश प्रदेश सभाबाट गाडीका सुविधा लिएका छन् ।

तर अहिलेसम्म नेकपा एमालेका प्रमुख सचेतक किशोरी साह (कमल) र कृषि तथा भूमि व्यवस्थापन समितिका सभापति मदन सेन श्रीवास्तव, लोसपाका प्रमुख सचेतक परमेशवर साह, नेपाल संघीय समाजवादी पार्टीका संसदीय दलका नेता सावित्री देवी साह र प्रदेश मामिला समितिका सभापति अशोक यादवले मात्रै सुविधामा लिएका गाडी प्रदेशसभा सचिवालयमा फिर्ता गरेका छन् ।

बारा निर्वाचन क्षेत्र नम्बर १ को 'ख' बाट प्रदेश सभा सदस्यमा उम्मेदवारी दिएका सभामुख अहिले पनि सुविधामा लिएका सरकारी गाडी प्रदेशसभा सचिवालयमा बुझाएका छैनन् । त्यसैगरी, २०७४ सालको निर्वाचनमा जसपाको कोटामा सप्तरीबाट समानुपातिक कोटामा प्रदेशसभा सदस्य भइ उपसभामुख भएकी उपमा देवले पनि अझै सुविधामा पाएकी गाडी फिर्त गरेकी छैनन ।

त्यसैगरी, लोसपाका संसदीय दलका नेता तथा प्रदेशका पूर्व मन्त्री जितेन्द्र सोनलले प्रदेशसभा सदस्यमा बारा निर्वाचन क्षेत्र नम्बर ४ को 'ख' बाट उम्मेदवारी दिएका छन् । तर सोनलले प्रदेश सभाबाट सुविधामा लिएका गाडी भने अझै फिर्ता गरेका छैनन् । उनी सरकारी गाडीमै आफ्ना चुनावी प्रचार प्रसारलाई तीव्रता दिएको स्थानीयहरुले बताएका छन् । नेकपा एमालेका नेता सत्यनारायण मण्डलले पनि अझै गाडी फिर्ता गरेका छैनन् । यस निर्वाचनमा उनलाई पार्टीले टिकट नदिएको बताइन्छ । त्यसैगरी, जनता समाजवादी पार्टीका प्रमुख सचेतक शैलेन्द्रप्रसाद यादव धनुषा निर्वाचन क्षेत्र नम्बर २ को 'क' बाट प्रदेश सभामा उम्मेदवारी दिएका छन् । तर उनी प्रदेशसभाबाट सुविधामा पाएका सरकारी गाडी फिर्ता नगरी दुरुप्रयोग गर्दै आएका छन् ।

नेकपा एकीकृत समाजवादी पार्टीका प्रमुख सचेतकको रुपमा करिव डेढ वर्ष अघि प्रदेशसभाबाट गाडीको सुविधा लिएका सुन्दरवहादुर विश्वकर्माले पनि अहिलेसम्म गाडी फिर्ता गरेका छैनन् । टिकटका लागि उनी उम्मेदवारी अघि नेकपा एस छोडेर नेकपा एमालेमा प्रवेश गरिसकेका छन् । तर एमालेले पनि उनलाई टिकट नदिएपछि उम्मेदवार बन्न पाएनन् ।

त्यस्तै,अर्थ तथा योजना समितिका सभापति तथा जनता समाजवादी पार्टीका प्रवक्ता मनिष सुमनले पनि सभाबाट सुविधामा पाएका सरकारी गाडी फिर्ता नगरेको प्रदेशसभा सचिवालय सचिव रंजित यादवले बताए ।

सुमन जसपाका समानुपातिक उम्मेदवार हुन् । त्यसैगरी, सार्वजनिक लेखा समितिका सभापति तथा नेपाली कांग्रेसका नेता नरेश प्रसाद यादव र प्राकृतिक श्रोत तथा वातावरण समितिका सभापति तथा माओवादी केन्द्रका नेता जगत प्रसाद यादवले पनि सुविधामा पाएका गाडी फिर्ता गरेका छैनन् । दुबैले पार्टीबाट यस निर्वाचनमा गठबन्धनका कारण टिकट पाएका छैनन् ।

त्यसैगरी, महिला बालबालिका तथा सामाजिक न्याय समितिका सभापति जयनुल राईन महोत्तरी निर्वाचन क्षेत्र २ को 'ख' मा लोसपाबाट उम्मेदवारी दिएका छन् । तर उनले पनि अहिलेसम्म गाडी फिर्ता नगरेको प्रदेशसभा सचिवालयले जनाएको छ । जसपाको कोटामा प्रदेशसभाको विकास समितिका सभापति डा.रिना यादवले पनि गाडी फिर्त गरेकी छैनन् । अहिले उनी जसपा छोडेर नेकपा एमालेमा प्रवेश गरी महोत्तरीबाट समानुातिक कोटामा उम्मेदवार छिन् ।

यता, प्रदेश सभामुख सरोज कुमार यादवले आफूहरुको कार्यकाल नसकेकोले आफूहरुले गाडी फिर्ता नगरेको दाबी गरे ।

संविधान अनुसार हाम्रो कार्यकाल अवधि माघसम्म रहेको बताउँदै सभामुख यादवले भने,' हाम्रो कार्यकाल सकेको अहिलेसम्म कसैले जानकारी गराएको छैन । संविधान अनुसार हाम्रो कार्यकाल अवधि माघसम्म हो । तयसकारण गाडी फिर्ता गरेको छैन ।' एक जिज्ञासामा उनले भने,' सरकारी गाडीमा प्रचारप्रचार गर्न सकिदैनन, त्यो दुरुप्रयोग हो । तर सुविधामा पाएको समान राख्न त सकिन्छ नि ।'

यता, प्रदेशसभा सचिव रंजित यादवले सांसदहरुको कार्यकाल वारे आफू अन्योलमा रहेको बताए । उनले संविधान अनुसार सांसदहरुको कार्यकाल अझै वाँकी छ, उनले भने, त्यसकारण आफूले अहिलेसम्म कसैसँग गाडी फिर्ता मागेका छैनौ । कतिपय सांसदहरु आफै गाडी फिर्ता गरेका छन् ।'

एक प्रश्नमा उनले भने,' असोज महिनाको उहाँहरु तलब पाउनु हुन्न् । कार्यकाल सकिएको बारेमा निर्वाचन आयोग वा कानून मन्त्रालयबाट अहिलेसम्म कुनै पत्र नपाएकोले गाडी फिर्ता गर्न भनेका छैनौ ।'

# राजनीतिक अस्थिरता प्रति बुद्धिजीवीहरु चिन्तित

**टुडे समाचारदाता**



गौर । रौतहट जिल्लाको बर्तमान राजनीतिक अवस्था र गठवन्धनको भूमिका बारेमा बुद्धिजीवीहरु चिया गफमा चिन्तन मनन गर्ने गरेका छन् ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तथा देशको राजनीतिक अस्थिरताको सवालमा रौतहटका बुद्धिजीवीहरुको छुटै चिन्तन मननको विषय बनेको छ ।

रौतहट जिल्लाको गौर नगरपालिका-४ मा रहेको एक चिया पसलमा सामूहिक रुपमा भेला भएका बौद्धिक बर्गका व्यक्तिहरुले रौतहटको राजनीतिक अवस्था र मुलुकको राजनीतिक अवस्थाको विषयमा फरक फरक धारणा राखेका छन् ।

प्रोफेसर देखि प्राध्यानध्यापक , शिक्षक , कानून व्यवसायीहरुको भएको जमघटमा रौतहट निर्वाचन क्षेत्र नम्बर ३ र निर्वाचन क्षेत्र नम्बर १ को राजनीतिक अवस्थाको बारेमा बढ़ी चर्चा भएको थियो ।

प्रधानाध्यापक मणिशंकर निधिले रौतहट क्षेत्र नम्बर ३ का स्वतन्त्र रुपमा उम्मेदवारी दिएका प्रभु साहको आगामी रणनीतिको बारेमा फरक ढंगबाट विश्लेषण गरे । तत्कालीन नेकपा माओवादी बाट राजनीतिक यात्रा शुरू गरेका साहले पुनः माओवादीमा फर्किने उद्देश्यले स्वतन्त्र रुपमा उम्मेदवारी दिएको तर्क गरे । प्रभु साह जहिले पनि फाइदाको राजनीतिक गरेको छ, प्रचण्डलाइ धोका दिँदै नेकपा एमालेमा प्रवेश गरेका साहले स्थानीय निर्वाचनमा फाइदा उठाएर फेरी ओलीलाइ धोका दिएको कतिपयको तर्क रहेको थियो ।

प्रधानाध्यापक तुरन्त नारायण झाले मुलुकमा सत्ता जोगाउनको लागि गठवन्धन गरिएको टिपण्णी गरे । राजनीतिक दलका शीर्ष नेताहरुले गरेको गठवन्धन स्थानीय स्तरमा प्रभावकारी हुन नसक्ने तर्क उनको थियो । देशलाइ उन्नति प्रगति तरफ लैजाने सोच राजनीतिक दलका नेताहरुलाई नभई आफ्नो सीट सुरक्षित कसरी गर्ने भन्ने तर्फ मात्र केन्द्रित देखिएको उनको कथन रहेको थियो ।

मुलुकमा आएको संघीयताले जनतालाइ राहत दिनुको साटो दुःख दिएको भनाइ अर्का शिक्षक कामेश्वर यादवको रहेको छ । हिन्दूहरुको महान पर्वको रुपमा रहेका तिहार र छठको मुखमा शिक्षक कर्मचारीहरुले तलाव नखानु दुखद रहेको उनले बताए ।

रौतहटको बौधिमाई नगरपालिका, फतवा विजयपुर नगरपालिका, दुर्गा भगवती गाउपालिका र यमुनामाई गाउपालिकामा जनप्रतिनिधिहरुको आपसी विबादका कारण कर्मचरिहरुलाई तलाव भत्ता खानबाट बञ्चित गरेको उनीहरुको आरोप थियो । नगर सभा सपन्न गर्न नसकेका कारण कर्मचारीहरु तलावबाट बञ्चित भएका छन् । रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल चुनाव लड्दै छन । उनलाइ गार्हो हुन सकने अवस्था रहेको पनि विश्लेषण गरिएको छ । माधव नेपाल र प्रचण्डलाइ गाली गर्ने प्रभु साहले स्वतन्त्र रुपमा उम्मेदवारी दिए पछि सत्ता गठवन्धनका नेताहरुले समर्थन गर्न लागेको कुरो बाहिरीए पछि चुनावी समीकरण फरक हुने अवस्था सृजना भएको छ ।

माधव नेपालले गठवन्धनका उम्मेदवार धीरज पटेललाई समर्थन नगरी प्रभु साहलाइ समर्थन गरे पछि उनलाई अप्ठ्यारो हुन सकने बुद्धिजीवीहरुको तर्क रहेको छ । गठवन्धनका उम्मेदवारलाइ धोखा दिनु गलत रहेको ठहर उनीहरुको रहेको छ । मुलुकमा अहिले दुइ ध्रुवीकरण देखिएको शिक्षक धर्मेन्द्र पटेलले बताए ।

बाम लोकतान्त्रिक गठवन्धनमा पाँच दलीय नेपाली कांग्रेस, नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी पार्टी ,राष्ट्रिय जनमोर्चा नेपाल , लोकतान्त्रिक समाजवादी पार्टी र नेकपा एमाले र जनता समाजवादी पार्टी नेपालको गठवन्धनले चुनावी प्रतिस्पर्धामा छन् ।

दुवै गठवन्धन आदर्श, सिद्धान्त , नीतिको विपरीत भएको बुद्धिजीवीहरुको ठम्याइ रहेको छ । मुलुकलाइ सही दिशामा डोर्‍याउनको लागि राजनीतक स्थिरताको खाँचो रहेको उनीहरुको भनाई थियो ।

# छठका लागि बाँसको सामग्री बनाउँदै

**ओम प्रकाश यादव**

रौतहट । छठ पर्व नजिकिएसंगै रौतहटका मरिक समुदायलाई अहिले बाँसको सामग्री बनाउनका लागि भ्याइनभ्याइ भएको छ ।

जिल्लाका विभिन्न ठाउँमा रहेका मरिक समुदाय छठ पर्व सामग्रीको माग पनि बढ्दै गएको छ ।

छठमा बाँसको सामग्री पुर्‍याउनलाई आफूहरुले महिना दिन अगाडिबाट काम सुरु गरेको भए पनि अहिले छठ पर्व आएका बेला आफूहरू सोही सामग्री बनाउने काममा व्यस्त बनेको



नजिकिएसंगै बाँसको सामग्री बनाउन यतिखेर व्यस्त देखिएका छन् ।

मरिकहरू छठमा प्रयोग हुने कोनिया, ढाकी, नाङ्लो लगायतका बाँसका सामग्री बनाएर बेच्ने गरेका छन् । छठमा बासका सामग्रीको माग अत्याधिक हुने भएकाले आफूहरु बाँसका सामग्री बनाउनका लागि व्यस्त बनेको मारिक समुदायका वीरेन्द्र मरिकले बताए ।

गाउँगाउँबाट आफूहरुले १५० देखि २५० सम्ममा बाँस किनेर ल्याएको र छठमा प्रयोग हुने सामग्री बनाउन व्यस्त बनेको मरिक समुदायले बताउँछन् ।

छठ पर्वमा बाँसकै सामग्री आवश्यक पर्ने भएकाले वर्षभरि आम्दानी गर्न नपाएका मरिक यस बेलामा राम्रो आम्दानी गर्ने उद्देश्यका साथ बाँसको सामग्री बनाउन व्यस्त हुने गरेको उनीहरूको भनाइ छ । छठ पूजा गर्ने प्रत्येक वर्ष बढेकाले बाँसको माधवनारायण नगरपालिका ६ का हरेन्द्र मरिकले बताए ।

आफूहरुको रोजगार र पेशा नै बाँसको सामग्री बनाउने भएकाले त्यसैमा सक्रिय भएर लागेको र त्यसबाट आएको आम्दनीबाट छोराछोरीलाई शिक्षादीक्षा दिने गरेको उनी बताउँछन ।

माधोपुर, गरुडा, विसुनपुर्वा मानपुरसहित जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने मरिक समुदाय बाँसका सामग्री बनाइ स्थानीयको छठलाई सहज पार्ने प्रयासमा रहेको मरिक समुदायका सोभी मरिकले बताए ।

यसरी आधुनिकतासंगै बाँसको सामग्रीको माग घटेको बेला चाडपर्वमा बाँसको सामग्री बिक्री हुने भएकाले त्यसैमा चित्त बुझाउन बाध्य भएका छन् मरिक समुदायहरू । त्यसैले मरिक समुदायको जीवनस्तर उकास्नका लागि बाँसको सामग्री बनाउने व्यवसायीकरणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

# घरदैलो अभियान तीव्र



**टुडे समाचारदाता**

रौतहट । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति नजिकिएसंगै रौतहटका राजनीतिक दल र उम्मेदवारहरुले प्रचारप्रसारलाई तीव्र रुपमा अगाडि बढाएका छन ।

अहिले उम्मेदवारहरुले घरदैलो अभियानलाई तीव्रता दिएका छन । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारहरु यतिखेर विभिन्न चुनावी प्रतिवद्धतापत्र सहित आ-आफना पक्षमा मत माग्न जनताको घरदैलोमा पुग्न थालेपछि रौतहटको चुनावी माहोल यतिखेर पुरै तातेको छ ।

जनता समाजवादी पार्टी र नेकपा एमालेका संयुक्त गठबन्धनका रौतहट क्षेत्र नं १ 'ख' का प्रदेश सांसदका उम्मेदवार योगेन्द्र यादवले पनि अहिले घरदैलो अभियानलाई तीव्र गतिमा अगाडि बढाएका छन् ।

मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री समेत रहेका प्रदेश सांसदका उम्मेदवार यादवले आफना निर्वाचन क्षेत्रको माधवनारायण नगरपालिका ४ विपुनपूर्वा मानपुरबाट सोमवारदेखि घरदैलो अभियानको सुरुवात गर्दै यस क्षेत्रलाई आफूले विकसित र समृद्ध बनाउने गरेको परिकल्पनालाई पूरा गर्न आफूलाई पुन एकचोटी विजयी गराउन आम मतदाताहरुसँग आग्रह गरेका छन् ।

आफू पुनः दोश्रो कार्यकालको लागि निर्वाचित भएमा क्षेत्रका अधुरा कामलाई प्राथमिकता दिदै सम्पन्न गर्नेका लागि आफू निरन्तर लागि रहने बताउदै मतदाताहरूलाई गरिएका बाचाहरू पूरा गर्ने उनले बताए ।

आफूले विगत पाँच वर्षमा गरेको कामलाई हेरेर आम जनताको आफूप्रति ठुलो साथ र सहयोग रहेकोले आउँदो निर्वाचनमा आफ्नो जित कसैले रोक्न नसक्ने उनले दाबी गरे ।

# पहिलो खेलमै धनुषा विजयी

**टुडे समाचारदाता**

राजविराज । प्रधानमन्त्री कप छनौट प्रतियोगिताको पहिलो खेलमा धनुषा क्रिकेट टीम विजयी भएको छ । मंगलबार राजविराजस्थित टियु मैदानमा ४ विकेटले महोत्तरीलाई धनुषा क्रिकेट टीमले पराजित गर्दै विजयी भएका छन् ।

टस जितेर पहिलो ब्याटिङ रोजेको महोत्तरी निर्धारित ५० ओभर खेल्न सकेनन् । महोत्तरीले ४२ ओभर पाँच बलमा दश विकेट गुमाएर एक सय २४ रन बनाएको थियो ।

एक सय २६ रनको लक्ष्य पाएका धनुषा टीमले ३० ओभर दुई बलमै ६ विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । खेलको म्यान अफ द म्याच धनुषाका आकाश राय घोषित भएका थिए । उनले आठ ओभर बलिङ गर्दै मात्र २४ रन खर्चेर चार विकेट लिएका थिए ।

धनुषाका दिब्यांशु मल्लिक एक मेड्नसहित ९ ओभर पाँच बल फाल्दै ३२ रन खर्चेर चार विकेट लिए । यस्तै, धनुषा टीमको कप्तान हरिशंकर साह एक ओभर बलिङ् गर्दै १४ रन खर्चेर एक विकेट लिएका थिए । धनुषाका अन्य बलरले विकेट लिन सकेनन् ।



महोत्तरीको लागि ब्याटिङ् गर्दै नवीन यादवले सर्वाधिक एक सय पाँच बल सामना गर्दै ३८ रन बनाए । महोत्तरीका विनोद सहनी ७४ बलमा २६ रन र श्याम मण्डलले १६ बलमा ९ रन मात्रै बनाए । महोत्तरीका अन्य ब्याट्स म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

धनुषाका लागि ब्याटिङ गर्दै विशाल शुशलिङले सर्वाधिक ६६ बलमा ४३ रन, प्रशुराम यादव ३४ बलमा ३० रन र रञ्जित यादव ३९ बलमा १९ रन बनाए ।

महोत्तरीको लागि नवीन यादवले उत्कृष्ट बलिङ गरेका थिए । उनले एक मेडनसहित तीन ओभर बलिङ गर्दा मात्र १२ रन खर्चेका थिए । महोत्तरीको लागि नितेश यादव, विनेश सहनी, अविनाश तिवारीले समेतलेएक/एक विकेट लिए भने रमेश सहनीले दुई विकेट लिए ।

**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौ**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार वा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

**त्यसैले,**

**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८